जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ | •अंक १७१ | • २०८१ साल भाद्र १२ गते बुधवार (28 August, Wednesday, 2024) | •पृष्ठ ८ | •मूल्य रु. ५।-

## सकसमा मधेश सरकार

# सांसदलाई योजना दिन कठिनाइ, सहमति कार्यान्वयन नभए संसदमा गाह्रो

**टुडे समाचारदाता**

जनकपुरधाम। मधेश प्रदेश सरकार सांसदलाई बजेट उपलब्ध गराउन सकसमा परेको छ। निर्वाचित सांसदलाई ५ करोड र समानुपातिक सांसदलाई डेढ करोडको विकास योजना दिने संसदमा सहमति भएको छ।

संसदमा भएको सहमति अनुसार सरकारले योजना उपलब्ध नगराए प्रदेश सभामा सरकारलाई गाह्रो हुने सांसदहरुले बताएका छन् । 'सरकारले गरेको सहमति कार्यान्वयन गर्नुपर्छ' प्रमुख प्रतिपक्षी दल जनता समाजवादी पार्टी(जसपा)नेपालका प्रमुख सचेतक रामअशिष यादवले भने, मुख्यमन्त्री सतीशकुमार सिंहले सांसदलाई विकास बजेट उपलब्ध गराउने पहिलो निर्णय नै गरेका थिए ।

सरकारले बजेटको व्यवस्थापन गरी सांसदहरुको योजनालाई समावेश गर्ने प्रक्रियामा रहेको जानकारी गराइएको उनले बताए। सत्तासिन दलहरुले योजना बितरणका लागि समिति नै गठन गरेकाले सांसदहरु विश्वस्त रहेको यादवले बताए ।

तर गठबन्धन सरकारको नेतृत्व गरिरहेको जनमत पार्टीका अध्यक्ष डा. सीके राउतले सांसदहरुलाई ५ करोडको योजना बाँड्ने विषयमा मुख्यमन्त्री सिंहलाई स्पष्टीकरण सोधेका थिए । मुख्यमन्त्री सिंहले यस सम्बन्धमा जवाफ दिइसकेको बताइए पनि त्यसबारे सार्वजनिक गरिएको छैन।

जनमत पार्टीका प्रवक्ता शरद यादवले प्रदेश सरकारको नीति तथा कार्यक्रम र आधिकारीक कुनै निर्णयमा सांसदलाई ५ करोड अथवा डेढ करोडको बजेट उपलब्ध गराउने उल्लेख नरहेकाले पार्टी त्यसको जिम्मेवारी लिन अस्वीकार गरेको बताएका छन्। आधिकारिकता नपाएको विषयलाई पार्टीले महत्व नदिएको उनले बताए।

> सरकारले बजेटको व्यवस्थापनगरि सांसदहरुको योजनालाई समावेश गर्ने प्रकृयामा रहेको जानकारी गराइएको उनले बताए ।सत्तासिन दलहरुले योजना बितरणका लागि समिति नै गठन गरेकाले सांसदहरु विश्वस्त रहेको यादवले बताए ।

सरकारले बजेटको अन्तिम रुप दिने बखत नेकपा माओवादी केन्द्र संसदीय दलका नेता भरतप्रसाद साह अर्थमन्त्री रहेका थिए । बजेटमा योजना समावेश गर्ने क्रममा सांसदहरुको योजना नै छुटाइएको थियो। चर्को विरोध भएपछि तत्कालीन अर्थमन्त्री साह र मुख्यमन्त्री सिंहले सफ्टवेयर ह्याक गरी केही कर्मचारीहरु बजेटमा प्रवेश गरी योजनाहरु हटाएको हलुका जवाफ दिएका थिए।

नेपाली कांग्रेस मधेश प्रदेशका प्रमुख सचेतक कुमरकान्त झाले योजना बुझाइसकेका सांसदहरुले बजेट पाउने बताउँदै कम रकमको योजना बुझाएकाहरुले थप योजना नपाउने बताएका छन्। 'जे भइसकेको छ , त्यसमा नै चित्त बुझाउनुपर्ने अवस्था छ ' उनले भने, नयाँ योजनाहरु समावेश गर्ने सम्भावना कमजोर रहे पनि सरकारले समिति बनाएर त्यसको प्रयास गरिरहेको छ।

नेकपा एमालेका प्रमुख सचेतक हरिनारायण महतोले बजेट र योजना मिलाउने समितिको बुधबार बस्ने बैठकबाट टुंगो लाग्ने सम्भावना रहेको बताए। 'प्रारम्भमै बिग्रेकाले अब सुधार गर्न सहज छैन' उनले भने, मन्त्रालयहरुमा राखिएको अवण्डा बजेटबाट योजनाहरु समावेश गर्ने प्रयास भइरहेको छ।

प्रत्यक्षलाई ५ करोड र समानुपातिकलाई डेढ करोड भनिए पनि हालसम्म निर्धारित बजेट अनुसारको योजना समावेश हुन नसकेको कांग्रेसका प्रमुख सचेतक झाले बताए।

सभासदहरुलाई बजेट उपलब्ध गराइने विषयमा प्रदेश सभामा सहमति भएपछि मात्र बजेट पारित भएको थियो । बजेटको बाँडफाँट मिलाउन पूर्वमुख्यमन्त्री सरोजकुमार यादव, मुख्यमन्त्री सिंहलाई विशेष जिम्मेवारी दिएको छ। सरकारले सभासदहरुलाई वचन दिए अनुसारको योजना नदिए प्रदेश सभामा गाह्रो अवस्था आउने चेतावनी सभासदहरुले दिन थालेका छन्।









## सवा एक करोड बढीको सामग्री बरामद

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्साको सदरमुकाम वीरगञ्जमा एक करोड ३१ लाख १५ हजार छ सय ९८ मूल्य पर्ने बिलबीजक नभएका औषधि तथा लत्ताकपडासहितका सामग्री बरामद गरिएको छ ।

जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको प्रहरी टोलीले वीरगञ्ज महानगरपालिका-८ स्थित घण्टाघरबाट बिलबीजकभन्दा धेरै सामग्री बोकेका दुईवटा ट्रकसहितको सामान बरामद गरेको प्रहरी नायब उपरीक्षक दीपक भारतीले जानकारी दिए ।

उनले बिलबीजकभन्दा धेरै सामान बोकेका लत्ताकपडा



र औषधि बोकेका ट्रकलाई आइतबार राति पक्राउ गरिएको भन्दै राजस्व अनुसन्धान कार्यालय पथलैयामा बुझाइएको बताए । प्रदेश ७-०१-००१ ख ३०८८ र ना ३ ख ५१६५ नंको मालवाहक ट्रकबाट कपडा, औषधि र खुद्रा मालवस्तु लोड गरी चितवन तथा कैलालीतर्फ लैजाने क्रममा पक्राउ गरिएको उनले बताए ।

## दुई वर्षदेखि अर्नवा-नरही चोक सडक अलपत्र

**टुडे समाचारदाता**

बारा । बाराको अर्नवादेखि बेतौना गाउँ हुँदै नरही चोक जोड्ने ५ किमि सडक निर्माण गर्न ठेक्का सम्झौता भएको दुई वर्ष वित्दा पनि सडक अलपत्र परेको छ ।

जिल्लाको महागढीमाई नगरपालिका-८ को अर्नवा चोक र

निर्माण कार्यको जिम्मा लिएका निर्माण कम्पनी शिवशक्ति इन्फा डेभलपर प्रालि हेटौंडा-४ का सञ्चालक निर्माण व्यवसायी भने सम्पर्कविहीन छन् ।

चल्तीको सडकलाई त्यतिकै अलपत्र छाडेर गएको ठेकेदारलाई दिनरात ताकेदा गर्दा पनि नबनाएको



करैयामाई गाउँपालिका ८ को नरही मुखलाल महतो चोकसम्म पर्ने यो सडक दक्षिणमा तराईमधेसको 'लाइफलाइन' रहेको पूर्व-पश्चिम हुलाकी मार्गमा जोडिएको छ ।

त्यस्तै उत्तरतर्फ भने व्यापारिक सहर वीरगञ्ज-कलैया हुँदै रौतहटको कटहरिया-गरुडासम्म जोड्ने सडकमा पर्छ । एक अर्का जिल्लासित जोडिएको लामो दुरीको यो दुवै सडकसित अर्नवा-नरही सडकको 'लिंक' रहेको छ । महागढीमाई ८ कै बेतौना र करैयामाई ८ मा नै पर्ने इटहर गाउँ हुँदै सो सडक गएको छ ।

रौतहट निर्वाचन क्षेत्र नम्बर २ मा पर्ने सो सडकमा कालोपत्रे, ढलान, कल्भर्ट, नाला निर्माणका लागि मधेश प्रदेश सरकारको भौतिक पूर्वाधार मन्त्रालयले योजना पारेर बजेट विनियोजन गरेको थियो । तर सडक अहिलेसम्म अलपत्र नै छ ।

उनले बताए ।

सडकको उपभोक्तासमेत रहेका वडा अध्यक्ष अंसारीले सडकमा बनाउनुपर्ने कल्भर्ट, गर्नुपर्ने कालोपत्रे, पुर्नुपर्ने माटो, गर्नुपर्ने ढलान, सब बेशको काम गर्दै नगरी ठेकेदार निर्माण स्थल आउन छाडेको उनले बताए

सडक भएर उत्तर नरही चोक र दक्षिण अर्नवा चोक (बजार) पुग्नको लागि सो सडक सहायकको रुपमा रहेको छ । दुवै सडकसित यसको लिंक छ ।

ठेकेदारको लापरबाही, निर्माण गराउने कार्यालयको ताकेदा अभावसँगै निर्माण गराउने मन्त्रालयले बजेट दिन बन्द गरेपछि सडक अलपत्र परेको छ । २०७९ असार १२ मा ८ करोड ३८ लाख ६१ हजारमा ठेक्का सम्झौता भई असारको अन्तिम सातादेखि काम गर्ने सर्त भएपनि निर्माण कार्य सुरु गरेर लथालिङ रहेको छ ।

# 'एलडिसी' स्तरोन्नतिपछिका प्रभाव, असर र चुनौती सम्बोधन गर्न प्रबन्ध गरिनेछ : मन्त्री भण्डारी

काठमाण्डु । सरकारले मुलुक सन् २०२६ मा अतिकम विकसित मुलुकबाट स्तरोन्नति भएपछि अर्थतन्त्र र व्यापार क्षेत्रमा पर्नसक्ने सम्भावित चुनौतीलाई सम्बोधन गर्न यथोचित प्रबन्ध गरिने स्पष्ट पारेको छ । राष्ट्रियसभा, विकास तथा आर्थिक मामिला तथा सुशासन समितिको आजको बैठकमा 'विकासशील राष्ट्रमा स्तरोन्नतिपछि नेपाललाई पर्ने प्रभाव, असर र चुनौती' का बारेमा सरकारको धारणा राख्दै उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले विकासशील राष्ट्रमा सूचीमा अग्रसर हुन सरकारले सबै खालको प्रयत्न गर्ने बताउनुभयो ।

"विकासशील राष्ट्रमा स्तरोन्नति हुँदा कतिपय सहुलियत कटौती हुँदा नेपालको उत्पादन, अर्थतन्त्र र उद्योग क्षेत्रमा पर्न सक्ने दबाब थेग्न मन्त्रालयले तयारी गरिरहेको छ", मन्त्री भण्डारीले भन्नुभयो, "यस सम्बन्धमा सरकार संवेदनशील छ, चुनौती सामना गर्न यथोचित प्रबन्ध गरिनेछ ।" उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने योजना अघि बढाइएको जानकारी दिँदै उहाँले कृषि उत्पादन र कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान बढाइने बताउनुभयो ।

राष्ट्रिय अर्थतन्त्रमा उद्योगको योगदान वृद्धि गर्न लगानीमैत्री वातावरण आवश्यक रहेको उल्लेख गर्दै मन्त्री भण्डारीले वर्तमान सरकार नीतिगत सुधार गरी स्वदेशी तथा वैदेशिक लगानी बढाउन केन्द्रित रहेको बताउनुभयो । "लगानीमैत्री वातावरण बनाउन सरकार प्रतिबद्ध छ", उहाँले भन्नुभयो, "नेपाल लगानी सम्मेलनको पूर्वसन्ध्यामा लगानी सजहीकरणसँग सम्बन्धित केही कानुन



संशोधन गरिएको छ ।"

मन्त्री भण्डारीले ऊर्जा, कृषि, सूचना प्रविधिलगायत क्षेत्रलाई आन्तरिक तथा बाह्य लगानीका लागि प्राथमिकीकण गरिएको स्पष्ट पार्नुभयो । सरकारको एक सय दिनलाई नीतिगत सुधारमा केन्द्रित गरिएको उल्लेख गर्दै उहाँले एकीकृत व्यापार रणनीति तथा वाणिज्य नीति र उद्योग व्यवसायसम्बन्धी ऐन, कानुन समयानुकूल परिमार्जन गरिने जानकारी दिनुभयो ।

**'चुनौती सम्बोधन गर्न स्पष्ट योजना बनाऔं'**

बैठकमा सांसदहरूले एलडिसी स्तरोन्नतिपछि नेपालको अर्थतन्त्रमा पर्न सक्ने असरलाई न्यूनीकरण गर्न अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना बनाउन सुझाव दिनुभयो । सांसद वामदेव गौतमले विकासशील राष्ट्रमा स्तरोन्नतिपछिका असर र प्रभावबारे सरकारको नीति कार्यक्रममा समावेश गरेरै जानुपर्ने बताउनुभयो । स्तरोन्नतिका लागि दुई वर्षको मात्रै अवधि रहेको जनाउँदै उहाँले स्पष्ट कार्ययोजना बनाएर अघि बढ्न सरकारलाई सुझाव दिनुभयो ।

सांसद घनश्याम रिजालले निर्यात अभिवृद्धि, आयात प्रतिस्थापन र स्वदेशी कच्चा पदार्थमा आधारित उद्योगलाई प्रवर्द्धन गर्न सरकारसँग आग्रह गर्नुभयो । सांसद उर्मिला अर्यालले सन् २०२६ मा नेपाल विकासशील मुलुकमा स्तरोन्नति हुने सन्दर्भमा अहिलेसम्म सरकारको तयारी अत्यन्तै कमजोर रहेको दाबी गर्नुभयो ।

सांसद झक्कुप्रसाद सुवेदीले एलडिसी स्तरोन्नतिअघि गरिबी र भोकमरीको अन्त्य, स्वास्थ्य र गुणस्तरीय शिक्षाजस्ता आधार भूत लक्ष्य पूरा हुनेगरी योजना बनाइनुपर्ने बताउनुभयो ।रासस

## फरार प्रतिवाद पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । महोत्तरी प्रहरीले विभिन्न मुद्दामा फरार रहेका दुई जना प्रतिवादीलाई पक्राउ गरेको छ । अदालतबाट विभिन्न मितिमा फैसला भई फरार भएका दुई जनालाई महोत्तरी प्रहरीले पक्राउ गर्न सफल भएको हो ।

पक्राउ पर्नेमा जजक मुद्दामा ६ वर्ष ११ महिना ८ दिन कैद सजाय र तीन लाख पचास हजार जरिवाना तोकिएका महोत्तरी मटिहानी नगरपालिका वडां ३ बस्ने ४५ वर्षिय कैसर राईन उपनाम रहेको कैसर अली र लागु औषध गाजा मुद्दामा एक लाख पचास हजार जरिवाना तोकिएका महोत्तरी जलेश्वर नगरपालिका ७ बस्ने ३५



वर्षिय सुरेन्द्र राम रहेका छन् । अदालतबाट सजाय तोकिएपनि निजहरुले फरार रहि लुकीछिपी बस्दै आएकोमा मंगलबार प्रहरीले पक्राउ गर्न सफल भएको जिल्ला प्रहरी कार्यालय महोत्तरीका सूचना अधिकारी सन्तुलाल प्रसाद जैसवारले जानकारी गराएका छन् । पक्राउ परेका दुवैजनालाई मंगलबारनै महोत्तरी जिल्ला अदालतमा दाखिला गरेको जनाइएको छ ।

# राधाकृष्ण रथयात्रा प्रदेशको पहिचान बनेको छः मुख्यमन्त्री कार्की

मोरङ । कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले राधाकृष्ण रथयात्रा प्रदेशको पहिचान बनेको बताउनुभएको छ । भगवान् राधाकृष्ण रथयात्राको मंगलबार अपराह्न शुभारम्भ गर्दै उहाँले रथयात्रा यस क्षेत्रको परिचय र पहिचान बनेको धारणा राख्नुभयो ।

मुख्यमन्त्री कार्कीले रथयात्रा सिङ्गो नेपाल राष्ट्रको पहिचान बन्ने क्रममा रहेकामा राधाकृष्ण रथयात्रा परिवारलाई बधाई एवं शुभकामना दिनुभयो । उहाँले सनातन धर्म, संस्कृतिको रक्षा गर्नुपर्छ भन्दै मुलुकमा बसोबास गर्ने सम्पूर्ण जातजातिका धर्म, संस्कृति हाम्रो सम्पत्ति भएकाले यसको संरक्षण र प्रस्फुटन गराउन सदैव कार्य गर्ने बताउनुभयो ।

मुख्यमन्त्री कार्की कृष्णजन्मष्टमी र रथयात्रा पर्व एउटा जाति र सम्प्रदायको नभएर सम्पूर्ण नेपाली र विश्वका मानवजातिको संस्कृति र पहिचान बनेको विचार राख्नुभयो । उहाँले यो रथयात्रा विश्व शान्ति, मानवजातिको हित र प्राणी जगत्को रक्षाका लागि भएको चर्चा गर्दै विश्वमा देखापरेका जलवायु परिवर्तन समस्या समाधान, पृथ्वीको रक्षा र मानवजातिको पक्षमा रहेको बताउनुभयो ।

उहाँले प्रदेश सरकार राधाकृष्ण रथ, मन्दिर र धर्मशालाको भौतिक पूर्वाधार



निर्माणमा साथ र सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

विराटनगर महानगरपालिकाका प्रमुख नागेश कोइरालाले भगवान् राधाकृष्णको नयाँ रथ बनाउने आवश्यक सहयोग उपलब्ध गराउने बताउनुभयो । रथयात्रा आयोजक समितिका संयोजक कैलाश रेग्मीले ९३औँ संस्करण यो रथयात्रा एसियाको दोस्रो ठूलो भएको जानकारी दिनुभयो ।यात्राका क्रममा नेपाली सेनाको हेलिकप्टरले पुष्पवृष्टि गर्नुका साथै ड्रोन र सिसी क्यामेरा सुरक्षा व्यवस्था कायम गरिएको जिल्ला प्रहरी कार्यालय मोरङका प्रमुख प्रहरी उपरीक्षक नवराज कार्कीले जानकारी दिनुभयो ।

प्यागोडा शैलीमा बनाइएको उक्त रथको लम्बाइ २२ फिट, चौडाइ १४ र उचाइ १८ फिट छ भने रथको अग्रभाग जुआबाट ७५ फिट लम्बाइका दायाँ र बायाँपट्टि फैलिएका लठ्ठा (डोरी)लाई पुरुष र महिला भक्तजनले रथलाई तानी सञ्चालन गरिएको थियो । रथको अग्रभागमा विभिन्न धार्मिक, जातजाति, सम्प्रदायका संस्कृति झल्कने झाँकी एवं भजनमण्डली रहेको रथयात्रा समारोहका अध्यक्ष कैलाश रेग्मीले जानकारी दिनुभयो ।

उक्त रथयात्राको पूजाअर्जना गर्न, हेर्न तथा सहभागी हुन मोरङ, सुनसरी, झापा, सप्तरी र सीमावर्ती भारतीय जिल्लाका समेत गरी करिब सात लाख भक्तजनको सहभागिता रहेको अनुमान आयोजक समितिले जनाएको छ ।विसं १९८८ देखि खटयात्रा र २०२७ सालबाट रथयात्रा सुरु गरिएको अध्यक्ष रेग्मीले जानकारी दिनुभयो । विराटनगरमा निकालिएको यो यात्रा भारतको उडिसा पुरीमा निकालिने भगवान् जगन्नाथपछि दोस्रो ठूलो रहेको आयोजकले जनाएका छन् ।रासस

# संसददेखि सडकसम्मबाट खबरदारी गर्छौं : अध्यक्ष प्रचण्ड

काठमाण्डु । प्रतिनिधिसभाको मंगलबारको बैठकमा प्रमुख प्रतिपक्षी दलका नेता एवं नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले वर्तमान सरकारको गठन प्रक्रिया र कामकारबाहीप्रति विरोध जनाउनुभएको छ ।

वर्तमान सरकार राजनीतिक बलमिच्याइबाट बनेको आरोप लगाउँदै उहाँले यसअघि विभिन्न आपराधिक काण्डमा मुछिएकालाई जोगाउन र गल्ती कमजोरीलाई ढाकछोप गर्न लागिपरेको भनी सरकारप्रति आक्रोश व्यक्त गर्नुभयो ।आफू कसैलाई नैतिकता सम्झाउने पक्षमा नरहेको भन्दै प्रतिनिधिसभामा प्रमुख प्रतिपक्षी दलका नेता दाहालले भ्रष्ट, बिचौलिया र माफियाको पक्षपोषणमा उद्यत भइरहे सरकारको प्रतिष्ठा आफैँ समाप्त हुने धारणा व्यक्त गर्नुभयो ।

उहाँले सरकार सुशासनसँग तर्सिएर, सुशासनको बेगलाई रोक्न तथा आफू र आफ्नालाई जोगाउन बनेको भनी आरोप लगाउनुभयो । "आफ्नो नेतृत्वको यसअघिको सरकारले भुटानी शरणार्थी, बाँसबारी र बालमन्दिर जग्गा प्रकरणलगायत थुप्रै काण्डको सफल छानबिन गरिरहेको अवस्थामा अकस्मात नयाँ सरकार गठन भएको प्रसङ्ग उल्लेख गर्दै पूर्वप्रधानमन्त्री दाहालले



विभिन्न अनियमित घटनाक्रमसहित भ्रष्टाचार काण्डको छानबिन गरिरहेका प्रहरी अधिकृतमाथि नै छानबिन सुरु गरी सुशासनको रटान लगाउनु हाँस्यास्पद हुने धारणा व्यक्त गर्नुभयो ।

अध्यक्ष दाहालले सरकारसँग इमान नभएको आरोप लगाउँदै भन्नुभयो, "यो किन र कसरी बनेको कसको सरकार हो भन्ने कुरा छर्लङ्ग हुँदैछ, जनता र प्रतिपक्षको सामना गर्न इमान चाहिन्छ, यो सरकारसँग त्यो इमान र नैतिक धरातल छैन ।"उहाँले वर्तमान सरकारको नियत र गन्तव्यको सुक्ष्म अवलोकनपछि आफू यस किसिमको निष्कर्षमा पुगेको उल्लेख गर्दै उहाँले भन्नुभयो, "यो सरकार सत्ऱ्याको उन्माद र शक्तिको दुरुपयोगतिर अग्रसर छ, प्रमुख प्रतिपक्षी दलका नेताका हैसियतले रचनात्मक खबरदारी नगरे धेरै क्षति हुने देखिएकाले मुलुक र जनताका पक्षमा यसरी बोल्न बाध्य भएको छु ।"

"अहिले नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले)का साथीहरू आफूमात्र मिल्नुभएको छैन, आफैँले सिध्याउने भनेका जातीय-क्षेत्रीय प्रकृतिका साना दललाई पनि कतै फकाएर, कतै तर्साएर सत्तापक्षको कित्तामा उभ्याउनुभएको छ", अध्यक्ष दाहालले भन्नुभयो, "सत्ऱ्यात्मक रूपमा प्रतिपक्षीय बेञ्च सानो भएको बेला संख्याको बलमा सरकारले जे गरे पनि हुन्छ र गर्न सक्छ भन्ने सत्तापक्षका साथीहरूलाई लागेको हामीले देख्यौँ ।"

प्रमुख प्रतिपक्ष दलका हैसियतले जनतालाई साथमा लिएर अब संसददेखि सडकसम्मको मोर्चा प्रयोग गरी सत्तापक्षलाई खबरदारी र नियन्त्रण गर्न आफ्नो दल सक्रिय रहने उहाँले स्पष्ट गर्नुभयो । रासस

# हजारौँको सहभागितामा भव्य रथयात्रा

**टुडे समाचारदाता**

राजविराज । सप्तरी सदरमुकाम राजविराजमा मंगलवार भव्यता साथ राधाकृष्ण रथयात्रा निकालिएको छ ।

राजविराज- ९ स्थित

बजार क्षेत्रका गरी करिब ६ किलो मिटरको दुरी तय गरिएको थियो ।

अध्यधिक गर्मीका बीच निकालिएको रथयात्राका सहभागिहरुलाई सहजता



मलेठ स्थित राधाकृष्ण मन्दिर प्राङ्गणबाट हजारौंको सहभागितामा भव्य रथयात्रा निकालिएको छ । हरेक वर्ष झैं कृष्णाष्टमीको अर्कोदिन रथयात्रा निकाल्ने गरिएको छ ।

मन्दिर प्राङ्गणबाट रथमा भगवान राधाकृष्णको युगलजोडीलाई बाजागाजासहितको यात्रा रुपनी रोड, कञ्चनपुर रोड, राजदेवी रोड, तेतरी गाछी, नेता चोक, सिरहा रोड, अदालत राड, भगवती मन्दिर रोड तथा मुख्य

प्रदान गर्न विभिन्न समाजसेवी संघसंस्था बाटोहरुमा चिसो शरवत र पानीको ब्यवस्थासमेत गरिएको थियो ।

भक्तजनहरुलाई पुजाआजा गर्न सहज हुने गरी एक दर्जन स्थानमा राधाकृष्णको रथलाई १५/१५ मिनेटका लागी विश्राम दिइएको थियो ।

रथयात्रामा करिब १० हजार भक्तजनहरुको सहभागिता रहेको आयोजक कृष्णास्टमी रथयात्रा समितिका संयोजक अनिल यादवले जानकारी दिए ।


## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : बौद्धिक क्षमता । |
| बृष | : प्रतिभा सम्पन्नता । |
| मिथून | : शिक्षामा उन्नति । |
| कर्कट | : पारिवाहिक सुख । |
| सिंह | : धन वृद्धि सञ्चय । |
| कन्या | : प्रेम प्रसंग, मित्र सुख । |
| तुला | : सुख समृद्धि हुने । |
| बृश्चिक | : भ्रमण अवसर हुने । |
| धनु | : अवसर प्राप्त । |
| मकर | : वाद विवादबाट बच्नु । |
| कुम्भ | : पुरस्कार प्राप्त लाभ । |
| मीन | : नयाँ कार्य हुने । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु



जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



जलेश्वर- जनकपुर सडकखण्ड अन्तर्गत महोत्तरी जिल्लाको पिपरा गाउँपालिका क्षेत्रमा सडकबिचमा फहराइरहेका नेपालको राष्ट्रिय झण्डा । झण्डाले सडकक्षेत्र आकर्षण थपेको छ। *तस्बिर : रासस*

# सरकारी अस्पतालमा शय्या पाउनै मुस्किल: सांसद

काठमाण्डु । प्रतिनिधिसभाको मंगलबारको बैठकमा सांसद मनिष झाले सरकारी अस्पतालमा शयूया पाउन नसक्दा बिरामीलाई सास्ती भएकोप्रति सरकारको ध्यानाकर्षण गराउनुभएको छ । "देशलाई माया गर्नुहुन्छ भने एउटा कार्यकाल इमान्दारको प्रयास गर्नुस्", उहाँले भन्नुभयो, "भ्रष्टाचार निवारण ऐनमा हदम्याद लगाउन खोजिएको छ, यो हामीलाई मान्य छैन ।"



सांसद पूर्णबहादुर घर्तीमगरले संविधान जारी भएको लामो समय बितिसक्दा पनि प्रशासनिक सङ्घीयता, निजामती लगायतका ऐन बन्न नसक्दा सङ्घीयताको कार्यान्वयनमा कठिनाइ भएको बताउनुभयो । सांसद अनिशा नेपालीले सल्यानाको बागचौर नगरपालिकाबाट कोटमौला जाने जाँगरखोलाको मोटरेबल पुल विगत तीन वर्षदेखि निर्माणाधीन अवस्थामा रहेकोप्रति सरकारको ध्यानाकर्षण गराउनुभयो । उहाँले पुल निर्माणमा २० प्रतिशत मात्रै भएको उल्लेख गर्नुभयो।

उहाँले विशेषगरी राष्ट्रिय निकुञ्ज क्षेत्रमा जङ्गली जनावरहरूले नागरिकलाई सताएको, कतिपय स्थानमा बस्ती नै विस्तापित भएकोप्रति सरकारको ध्यानाकर्षण गराउनुभयो। उहाँले मानिसहरु हात्ती, बाघ, भालु, बाँदर, बँदेललगायत जनावरका आतङ्कबाट सास्ती खेपिरहेको र किसान बाली नष्ट हुने डरले दिनरात बारीमा बस्नुपर्ने अवस्था चिन्ताजनक भएको बताउनुभयो । सांसद अब्दुल खानले बर्दिया जिल्लामा साना व्यापारीले सास्ती भोग्नुपरेको बताउनुभयो ।रासस

# फेरिँदै छ पञ्चधुरामाई मन्दिरको स्वरुप

महोत्तरी । स्थानीय तहबाट देखभाल हुन थालेपछि मधेसकै प्रसिद्ध शक्तिपिठ पञ्चधुरामाई मन्दिरको स्वरुप फेरिन थालेको छ । बर्दिबास नगरपालिकाले मन्दिर परिसरको मर्मतसम्भार, रङरोगन, सरसफाइ र सौन्दर्यकरण गर्न थालेपछि मन्दिर परिसर आकर्षक बनेको छ । नगरले मन्दिर, मन्दिर पसिरका चौतारा, मुख्यद्वार र तलाउ घेराबार तथा रङरोगनको काम गरेको छ । पूर्व-पश्चिम राजमार्गबाट उत्तरतर्फ करिब दुई किलोमिटर वनक्षेत्र छिचोलेर पुगिने महोत्तरीको बर्दिवास नगरपालिका-४ माईस्थानस्थित प्राचीन यो देवी शक्तिपिठ साक्षात भगवतीको निवास मानिन्छ ।

मधेशका सबै जिल्ला, छिमेकको सिन्धुली र उदयपुर एवं भारतको बिहार प्रान्तका कैयौं जिल्लाका श्रद्धालुले यसलाई आस्थाको केन्द्र र दुःख निवारणस्थलका रूपमा हेर्न गरेका छन् । यसपाली नगरपालिकाले काम थालेपछि मन्दिर परिसरको चहक बढेको बर्दिबास-४ माइस्थानका सामाजिक कार्यकर्ता सोम कार्की बताउनुहुन्छ । "आठ बिघा भन्दाबढी क्षेत्रमा फैलिएको यो मन्दिर धेरै नागरिकको आस्थाको



केन्द्र हो तर विगतमा खण्डहरजस्तै बनेको थियो, यसपालि भने नगरपालिकाले चासो दिँदा मन्दिर परिसर जगमगाएको छ", कार्कीले भन्नुभयो, "अब कमल पोखरीको मर्मतसम्भार र परिसरक्षेत्रमा तत्काल पक्की घेरबार गर्न आवश्यक छ ।"

मन्दिर परिसरमा यसपालि मुख्यमन्दिर मर्मत र रङरोगन, मन्दिर प्राङ्गणमा कलात्मक ढुङ्गा बिछ्याउने, मुख्यद्वार मर्मतसम्भार र रङ्गरोगनसँगैको तलाउ उत्खनन, चौतर्फी पक्की घेरबार, घाट निर्माण, रेलिङ जडान र विभिन्न जातका फूल रोपिएका पञ्चधुरा माईमन्दिर सौन्दर्यीकरण समितिले जनाएको छ ।

यसपालि नगरपालिकाले मन्दिर परिसर सौन्दर्यीकरणका लागि रु २९ लाख उपलब्ध गराएको समितिका अध्यक्ष दानबहादुर थापाले जानकारी दिनुभयो । मधेश प्रदेशको मात्र नभइ अन्य प्रदेश र केन्द्र सरकारको पनि धार्मिक गन्तव्य बन्नसक्ने भन्दै स्थानीय तीनै तहका सरकारले यहाँ आवश्यक काम गर्नुपर्ने आवश्यकता औंल्याउछन् । नगरपालिकाले व्यवस्थापनको जिम्मा लिएर यसलाई ट्रस्टका रूपमा विकास गरिनुपर्ने स्थानीय रामबहादुर राना बताउनुहुन्छ ।

मन्दिरको जग्गा संरक्षण र सम्भार, श्रद्धालु भक्तजनबाट प्राप्त भेटी, शुभकार्य र वनभोज शुल्कको हरहिसाब पारदर्शी गर्ने तथा वार्षिक आयव्यय सार्वजनिक गरिने प्रबन्ध नगरपालिकाले मिलाउनुपर्ने उहाँको माग छ । स्थानीय वाणिकराज काफ्ले पनि नगरको संस्कृति तथा पर्यटन प्रवर्द्धन समितिले नगरक्षेत्रका धार्मिक सम्पदाको संरक्षण र पर्यटकीय गन्तव्यको संस्थागत विकासका लागि निर्णायक पहलकदमी लिन आवश्यक रहेको बताउनुहुन्छ । "यहाँ पञ्चधुरामाई, टुटेश्वरनाथ मन्दिर, राइमण्डलधाम, मध्यपाषाण युगकालीन हतियार कारखाना, गिद्धबास, सोली घोप्टेडाँडा, बेसारेडाँडा र चनौटेडाँडासहितका धार्मिक र पर्यटकीय महत्वका ठाउँ छन्, नगरको संस्कृति तथा पर्यटन प्रवर्द्धन समितिले यी सबैबारे पहलकदमी लिन आवश्यक छ", बर्दिबास-५ चेरु माइस्थानका काफ्ले भन्नुहुन्छ, "यसका लागि नगरपालिका, प्रदेश र केन्द्र सरकारको ध्यानाकर्षण गराइ रहनुपर्छ ।"

पञ्चधुरामाई मन्दिर परिसरमा रहेको इनारको समयसमयमा मर्मतसम्भार र परिसरभित्र पूजाआराधनामा आउने श्रद्धालुको बसाइँ सहज बनाउन टहरा निर्माण गर्नुपर्ने आवश्यकतासमेत औंलयाइएको छ । पछिल्ला दिनमा नगरक्षेत्रका धार्मिकस्थल र पर्यटकीय गन्तव्यबारे नागरिकमा चासो बढ्दै जानु सकारात्मक भएको बर्दिबास नगर कार्यपालिकाको कार्यालय मातहतको संस्कृति तथा पर्यटन प्रवर्द्धन समितिका अध्यक्ष हीरालाल गौतम बताउनुहुन्छ । "स्थानीयतहले संस्कृति तथा पर्यटन प्रवर्द्धन समिति बनाएको छ । प्रदेश सरकारका मुख्यमन्त्री र मन्त्रीले यस भेगका धार्मिकस्थलमा सघन आउँजाउ बढाउनुभएको छ । केन्द्र र प्रदेश सरकारका बजेटमा यहाँका धार्मिक तथा पर्यटकीयस्थल परेका छन्" गौतमले भन्नुभयो, "यसैगरी स्थानीयवासीको चासो पनि बढेको छ, अब यहाँका कामले गति लिने विश्वास जागेको छ ।"

बर्दिबास नगरपालिका प्रमुख प्रह्लादकुमार क्षेत्रीले नगरक्षेत्रका धार्मिक तथा पर्यटकीयस्थलको संरक्षण, पूर्वाधार विकास र व्यवस्थापनका कामलाई प्राथमिकतामा राखिएको बताउनुभयो ।रासस

# "उधारो सामानको पैसा उठाउँनै मुस्किल पर्न थाल्यो"

वीरगञ्ज । इलामको पञ्चकन्या छ स्थायी घर भएका उद्यमी प्रेमप्रसाद आचार्यले उधारो लेनदेन नउठेको भन्दै २०७९ माघ १० गते काठमाडौंको नयाँ बानेश्वरमा आत्मदाहको प्रयास गर्नुभयो । आत्मदाहको प्रयास गरेर गम्भीर घाइते हुनुभएका आचार्यको माघ ११ मा मृत्यु भयो ।

उद्यमी आचार्यको मृत्युसँगै मुलुकभरि नै जोडतोडले उधारो लेनदेन तथा कारोबारलाई व्यवस्थित गर्ने कानुन बनाउनुपर्ने विषय उठान भयो । तर, सो घटना घटेको १९ महिना बित्दा पनि अहिलेसम्म सो कानुन निर्माण गर्ने विषय ओझेलमा पर्दै आइरहेको छ । उद्यमी आचार्य जस्तै अहिले उद्योगधन्दा र व्यवसाय गर्दै आइरहेका धेरै उद्यमी-व्यवसायी भने उधारो दिएको वस्तु तथा सामानको रकम फिर्ता नभएकै कारणले विभिन्न खालका समस्या र चुनौती झेल्दै आइरहेका छन् ।

सङ्घीय संसद्ले पनि उधारो कारोबार सम्बन्धित कानुन बनाउने विषयमा अहिलेसम्म पनि गृहकार्य गरेको छैन । वीरगञ्ज उद्योग वाणिज्य सङ्घका वरिष्ठ उपाध्यक्ष हरि गौतमले नेपालको बजारको चक्र नै उधारोमा चल्ने भएकाले पनि उधारो कारोबारसँग सम्बन्धित कानुनको आवश्यकता परेको बताउनुहुन्छ ।

"नेपालको समग्र बजारको चक्र नै उधारोमा चलेको छ । उधारोमा वस्तु तथा सामान दिन्न भनेर कोही उद्योग लागेको खण्डमा व्यापार नै नहुने अवस्था छ", उहाँले भन्नुभयो, "उधारो नदिइकन एउटा बिल पनि काट्रिदैन । उधारो नदिई सुखै छैन । विगतमा व्यापारमा इमान हुन्थ्यो । उधारो दिएको सामानको पैसा पनि सहजै उठ्ने गर्थ्यो । तर, कोभिड-१९ को महामारीपछि इमानबाट चलेको व्यापार-व्यवसाय बेइमानी ढङ्गले चल्न थाल्यो । यसको कारणले उधारोमा



दिएको सामानको पैसा उठाउँनै मुस्किल पर्न थाल्यो ।" वरिष्ठ उपाध्यक्ष गौतमले उधारोमा वस्तु तथा सामान लैजाने व्यापारी तथा सप्लायर्सलाई धेरै ताकेता गर्दा उल्टै आत्महत्या दुरुत्साहनको मुद्दा लगाइ दिउँला भन्ने खालका चुनौति थपिएको गुनासो गर्नुहुन्छ ।

"उधारोमा वस्तु तथा सामान दिने उद्योगी-व्यवसायी टाट् पल्टिने र उधारोमा समान लिने व्यवसायी तथा सप्लायर्सले कानुनी उन्मुक्ति पाउँदै आइरहेका छन् ।" उहाँले भन्नुभयो," उधारोमा सामान दिने उद्योगी व्यवसायी आफू डुब्ने तर, लिने कहिल्यै पनि कानुनी दायरामा नआउने समस्याको अन्त्य गर्न पनि उधारो कारोबारसँग सम्बन्धित कानुन आवश्यकता परेको हो ।"

अर्थशास्त्री दीपेन्द्रकुमार चौधरी पनि उधारो कारोबारलाई व्यवस्थित गर्ने खालको कानुन तत्कालै बनाउनुपर्ने बताउनुहुन्छ । "बजार उधारोमा नै चलेको छ । बैंक तथा वित्तीय संस्थाबाट ऋण लिने, उद्योगधन्दा लगाउने, व्यवसाय गर्ने, त्यसको भन्सार तिर्ने, भ्याट तिर्ने, श्रमिकको तलब तथा सेवा सुविधा दिने, आयकर तिर्ने लगायतका सबै काम गर्ने गर्छन्", उहाँले भन्नुभयो, "उद्योगी व्यवसायीको पैसा भने बजारमा गएर फस्ने समस्या रहेको छ । त्यसलाई राज्यले उधारो कारोबारसँग सम्बन्धित कानुन ल्याएर सम्बोधन गर्न आवश्यक भइसकेको छ ।"

तत्कालीन अर्थमन्त्री वर्षमान पुनले चालु आव २०८१/८२ को बजेट वक्तव्यको बुदाँ नम्बर ९३ को अन्तिम वाक्यांशमा उधारो कारोबार सम्बन्धि कानुन तर्जुमा गरिनेछ भन्ने उल्लेख गर्नुभएको पनि छ ।

अर्थशास्त्री चौधरी सरकारले बजेट वक्तव्यमा पनि उधारो कारोबार सम्बन्धित कानुन बनाउने कुरालाई समावेश गरेकाले सो कानुन निर्माण गर्न अर्थमन्त्रालय सक्रिय हुनुपर्ने बताउनुहुन्छ ।

बैंक तथा वित्तीय विश्लेषक अनलराज भट्टराई पनि सरकारले उधारो कारोबारलाई व्यवस्थित गर्ने खालको कानुन बनाउन ढिलासुस्ती गर्न नहुने बताउनुहुन्छ । "विदेशी मुलुकमा 'कर्पोरेट डेब्थ रिकभरी एक्ट' प्रचलनमा आए जस्तै नेपालमा पनि सोसँग सम्बन्धित कानुन बनाउन जरुरी भइसकेको छ", उहाँले भन्नुभयो, "अहिले उद्योगी व्यवसायीले सरकारलाई १३ प्रतिशत सामानको भ्याट तिरेर उधारोमा दिनुपर्ने बाध्यता रहेको छ । त्यसैले व्यापारी र उद्योगीले उधारोवापत पैसा सहजै असुलउपर गर्न सक्ने खालको कानुन बनाउने बेला भइसकेको छ ।"

बैंक तथा वित्तीय विश्लेषक भट्टराईले बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिएर नतिर्नेलाई बैंक तथा वित्तीय ऐनबाट ऋणीलाई कारवाही भएजस्तै उधारो सामान लिएर रकम फिर्ता नगर्नेका लागि उधारो कानुन सम्बन्धित ऐन ल्याएर व्यवस्थित गर्नुपर्ने बताउनुहुन्छ ।

नेपाल राष्ट्र बैंकका पूर्वगर्भनर दीपेन्द्रबहादुर क्षत्री पनि उधारो कानुन आएको खण्डमा न्यूनबिलविजकीकरणको समस्या अन्त्य हुने बताउनुहुन्छ ।"अहिले न्यून बिलविजकीकरणको निकै ठूलो समस्या रहेको छ," उहाँले भन्नुभयो," कानुन समाज र अर्थतन्त्रको आवश्यकता अनुसार बनाउनुपर्ने हुन्छ । अब उधारो कारोबार सम्बन्धित कानुन बनाएर अघि बढ्दा पक्कै पनि राम्रो हुने थियो ।" उधारो कारोबार सम्बन्धित कानुन बनेसँगै निजी क्षेत्रका लगानीकर्ताले पनि आफ्नो लगानी सुरक्षित हुन्छ भन्ने विश्वाससहित लगानी गर्नेछन् । जसले मुलुकमा लगानी गर्ने वातावरण मात्र नभएर उद्योगधन्दा पनि फस्टाउने अवसर पाउनेछन् ।

"उधारोको रुपमा आफ्नो लगानी नडुब्ने भै सकेपछि उसले बजारमा प्रतिस्पर्धात्मक रुपमा काम गर्न पनि सक्नेछन्," संघका वरिष्ठ उपाध्यक्ष गौतमले भन्नुभयो," उद्यमीले सरकारलाई अग्रिम तिरेको भंसार, मूल्य अभिवृद्धि कर, आयकर आदि पुनरप्राप्ति हुने कुरामा सुरक्षित हुन्छ । छ । स्वच्छ औद्योगिक वातावरण कायम हुने भएकोले लगानीकर्ताले नयाँ नयाँ प्रविधि सहितको औद्योगिक प्रतिष्ठान स्थापना गर्नेछ ।"

अर्थशास्त्री चौधरी उधारो कारोबार सम्बन्धित कानुन बनेपछि व्यवसायीलाई मात्रै नभएर सरकारलाई पनि फाइदा हुने दावी गर्नुहुन्छ । "अहिले उधारो कारोबारको 'रोटेसन' नौं महिनामा चल्दै आइरहेको छ । उधारो कारोबार सम्बन्धित कानुन आएसँगै यो रोटेसन कम्तिमा पनि एक महिनामा आउनेछ," उहाँले भन्नुभयो,"उद्योगी तथा व्यवसायीले आफ्नो पैसा छिटो उठ्ने भएसँगै थोरै नाफा खाएर प्रतिस्पर्धी मूल्यमा उपभोक्तालाई वस्तु तथा सामान बिक्री गर्नेछन् । जसले गर्दा उपभोक्ताले पनि सरल र सुलभ मूल्यमा सामान प्राप्त गर्ने वातावरण बन्नेछ ।"

कुनै पनि उद्योगधन्दा तथा व्यापार गर्दा बैंक तथा वित्तीय संस्थाबाट ७० प्रतिशत ऋण र ३० प्रतिशत स्वपुँजीमा व्यापार तथा उद्योग स्थापना गर्ने गरिन्छ । संघका वरिष्ठ उपाध्यक्ष गौतमले कुनै व्यापारी वा सप्लायर्सले उधारोमा लागेको सामान निश्चित समयभित्रै तिर्ने कानुन भएसँगै उधारो नउठ्ने समस्याको समाधान हुने बताउनुहुन्छ । "बैंक तथा वित्तीय संस्थाले उद्योगधन्दामा अधिकतम ७० प्रतिशतसम्म ऋण लगानी गरेका हुन्छन्", उहाँले भन्नुभयो, " कोही सप्लायर्सले उधारोमा सामान लगेर तिरेन भने त्यसको जिम्मेवार भने सधैँ उद्योगी मात्रै हुने अहिलेको परिपाटी रहेको छ । त्यसैले पनि उधारो कानुन बनेसँगै सप्लायर्सले पनि जिम्मेवारीबाट भाग्न नपाउने वातावरण सिर्जना हुनेछ ।" बैंक तथा वित्तीय संस्थाले यो कानुन बनेसँगै विस्तारै बैंकको प्रिमियम शुल्क र अन्य अतिरिक्त शुल्क पनि कम गरेर सस्तोमा ऋण पाउने वातावरण बन्नेछ ।रासस

# ब्राजिल ट्रान्जिट हुँदै तेस्रो मुलुक जान चाहने नेपालीका लागि नयाँ नियम

**टुडे समाचारदाता**

जनकपुरधाम । ब्राजिलिया स्थित नेपाली दुताबासले ब्राजिलको साउपाउलो विमानस्थलको ट्रान्जिट इलाकामा रोकिएको नेपालीहरु सकुशल रहेको जनाएको छ ।

दुतावासले मंगलबार एक विज्ञप्ती जारी गर्दै ट्रान्जिटमा रहेको सबै १ सय ७६ नेपाली नागरिक सकुशल रहेको र आवश्यकता अनुसार मानवीय साहयाता पुरयाउन दुतावास तयारी अवस्थामा रहेको जनाएको छ । दक्षिण अमेरिकाका ब्राजिल लगायत मुलुक हुँदै अवैध रुपमा संयुक्त राज्य अमेरिका प्रवेस गर्ने उदेश्यले विभिन्न स्थानबाट दक्षिण अमेरिकी मुलुकहरुमा




आउने प्रवृति बढेको र संगठित रुपमा संचालित मानव तस्कर हरुको प्रलोभन र उक्साहटमा परि नेपालबाट समेत युवाहरु इस क्षेत्रमा आउने गरेको जानकारि हुँदै आएको दुताबासले जनाउदै यस्ता क्रियाक्लापले कयौले अकल्पनीय पीडा व्योहोर्नुका साथै ठुले धनराशी खर्च गर्नुपर्ने परिस्थितीमा फस्न पुगेको पाइएको छ ।

दुतावासले जारी गरेको विज्ञप्तीमा उल्लेख अनुसार ब्राजिल सरकारले तत्काल लागू हुने गरी नेपाल लगायत केहि देशका राहदानी बाहकलाई प्रवेशाज्ञा लिएको भएमा मात्र ब्राजिल अनुमति दिन नियम ल्याएकोले अब उपरान्त नेपालीले ब्राजिल भएर सिधै गन्तव्य मुलुकतर्फ उड्न पाउने र त्यसरी नगएमा सोहि विमानमार्फत फिर्ता पठाउने तर विमानस्थलमा शरणार्थीको मान्यता नदिने जनाइएको छ ।

मानव तस्करहरुको संजाल प्रयोग गरी गरिने यस प्रकारको यात्रा अवैध,जोखिमपुर्ण र अनिश्चित हुने समेत सन्दर्भमा जायज कारण भएमा पुष्टि हुने कागजात र प्रवेशाज्ञा लिई मात्र ब्राजिल वा ब्राजिल हुँदै अन्य मुलुकको भ्रमणमा निस्किन दुतावासले अनुरोध गरेको छ ।

## सूचना ! सूचना !! सूचना !!!

यही मिति २०८१/०५/१५ गते शनिबारका दिन बिहान ८ बजे देखि यस कमिटीका अध्यक्ष श्री सरोज कुमार साह ज्यूको अध्यक्षतामा यस कमिटीको ७६ औं साधारण सभा बस्ने भएको हुँदा उक्त साधारण सभामा आदरणीय सम्पूर्ण कार्य समिति, संस्थापक अध्यक्ष ज्यू, पूर्व तथा निवर्तमान अध्यक्ष ज्यूहरु, पूर्व तथा निवर्तमान वरिष्ठ निर्देशक ज्यूहरु, सम्पूर्ण संरक्षक समितिका सदस्य ज्यूहरु, पूर्व तथा निवर्तमान पदाधिकारीज्यूहरु एवं सम्पूर्ण सदस्यज्यूहरु (साधारण तथा आजीवन) यसै सूचनालाई आधार मानी निम्न मिति, समय र स्थानमा उपस्थित भई ७६ औं साधारण सभालाई सफल तुल्याउन हार्दिक अनुरोध गर्दछु ।

**कार्यक्रम:**

**मिति : २०८१/०५/१५ गते शनिबार**
**समय : बिहान ८ बजे देखि**
**स्थान : कमिटीको प्राङ्गणमा**

**प्रस्तावहरू :**
(१) वडा दशैं – २०८१ सम्बन्धमा
(२) विविध

**विजय कुमार साह**
महासचिव

एवं

**सरोज कुमार साह**
अध्यक्ष

**श्री राम युवा कमिटी परिवार**
जनकपुरधाम, धनुषा



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# जसपा नेपालमा मनपरी

जनता समाजवादी पार्टी(जसपा)नेपालमा अध्यक्ष उपेन्द्र यादवले मनपरी ढंगले पदाधिकारी चयन गरेका छन् । पदाधिकारी चयनका लागि उनले कुनै मापदण्ड अपनाएका छैनन् । चाकडी र चाप्लुसी गर्नेहरुलाई पहिलो रोजाइमा राखेका अध्यक्ष यादवको निर्णयप्रति पार्टीमा व्यापक असन्तुष्टि देखिएको छ । तत्काल असन्तुष्टि सतहमा छताछुल्ल नभए पनि भित्र भुसको आगो जस्तो सल्किन थालेको छ । जसपा नेपाललाई लोकतान्त्रिक विधिबाट यादवले चलाउन चाहेका छैनन् । पार्टीको विधान बनाउँदा १ सय १ सदस्यीय केन्द्रीय समिति रहने प्रावधान राखिएको थियो । सबै पदाधिकारी र सदस्यको चयन लोकतान्त्रिक प्रक्रियाबाट नै हुने व्यवस्था थियो । तर पछि महाधिवेशनमा विधानमा संशोधन गरी पदाधिकारी सहित २ सय १५ जनाको निर्वाचन र २७ जना सदस्य मनोनित गर्ने प्रावधान राखिएको थियो । तर अध्यक्ष यादवले पदाधिकारी र सदस्यहरुको मतदान हुने बेला चुनाव स्थगित गरी सम्पूर्ण अधिकार आफूलाई प्राप्त भएको घोषणा गराएका थिए । त्यस अनुरुप उनले प्रारम्भमा २ सय १५ जना सदस्यको नाम सार्वजनिक गरे । सोमबार उनले केन्द्रीय समितिलाई पूर्णता दिने क्रममा लुम्बिनी प्रदेशलाई पदाधिकारी र कार्यकारिणी समितिमा स्थान दिएको छैन । मधेश प्रदेशकै बारा जिल्लालाई पूर्ण रुपमा उपेक्षा गरिएको छ । धनुषा, सर्लाही, रौतहट जिल्ला पनि उपेक्षित नै छन् । विधानलाई मिचेर अध्यक्षले निर्णय लिएको नदेखिए पनि मनपरी ढंगले पदाधिकारी चयन गर्दा युवाहरुमा समेत रोष देखिएको छ । पार्टीमा हालसालै प्रवेश गरेकाहरुलाई पनि महत्वपूर्ण पदमा राखिएको छ । पुराना र स्थापित नेताहरुलाई पाखा लगाइएको छ । तर यस्तै अवस्थामा रहेको नेकपा एकिकृत समाजवादीले पदाधिकारी चयनमा सर्वसम्मत हुन नसकेपछि लोकतान्त्रिक विधि अपनाएको छ । चुनावबाट चयन हुने पदाधिकारीप्रति कसैको दुखेसो भए पनि चित्त बुझाउनु पर्ने हुन्छ । अध्यक्ष माधव कुमार नेपालले अध्यक्ष उपेन्द्र यादव जस्तो खल्तीको पार्टी बनाउन चाहेनन् । पार्टीमा हरेक नेता, कार्यकर्ताले अपनत्व महसुस गर्नुपर्छ । जसपा नेपाल पटक पटक विभाजन हुनुको कारण पनि अध्यक्ष यादवको मनपरी नै हो । पार्टी भित्रको असन्तुष्टिलाई समयमै निकास दिन नसके आगामी दिनमा ठूलो मूल्य चुकाउनु पर्न सक्ने अवस्था छ । जसपा नेपालमा योग्य र कुशल संगठनकर्ताको भन्दा चाकडी, चाप्लुसी गर्नेहरुको बर्चस्व देखिएको छ । सबै निर्णय आफै लिने र अन्य नेता, कार्यकर्ताहरुमाथि विश्वास नगर्ने उपेन्द्र यादवले बिहारको रामविलास पासमान जस्तै पार्टी चलाउन चाहेको देखिन्छ । तर त्यसमा भविष्य नदेख्ने युवाहरु जसपा नेपालमा अब लामो समयसम्म चल्ने स्थिति नरहन सक्छ ।

# त्यो रुन्चे सुमनको 'कमेडी' यात्रा

**कुम्भराज राई**

"तँ त साह्रै रुन्चे थिइस्, अहिले कसरी बोलेरै मान्छे हँसाउने भइस है ?"

ठूलो बुबाकी छोरी (दिदी) को यो प्रश्नले सुमनलाई अझै लज्जित बनाउँछ । आजभन्दा २३-२४ वसन्तअघि गाउँलेहरु शौच गर्न बाँसको झ्याङ, खोला, खोल्सी र कान्लातिर धाउँथे । सरसफाइ नहुँदा पखालाले गाउँलेका धेरैको ज्यान लिन्थ्यो ।ओखलढुङ्गाको मानेभन्ज्याङ गाउँपालिका-२ बाक्साको ठूलाबारी गाउँ । गाउँभन्दा तल सुसाइरहने दूधकोसी । गाउँको सिरानमा उभिएको बडेमान लिब्जु डाँडा । बाक्सामा भर्खरै एउटा अभियान चलेको थियो, 'घरमा चर्पी बनाउने, चर्पीमा शौच गरिसकेपछि र खाना खानुअघि साबुन पानीले हात धुने । नङ काट्ने, दाँत माझ्ने ।' यो अभियान बालबालिकामा केन्द्रित थियो ।

प्रत्येक साता गाउँको चोकमा केटाकेटी जम्मा पारिन्थ्यो । यी सबै नियम पूरा गर्नेले कापी कलम पाउँथे । त्यही लहरमा साबुनपानीले हात मिचेर, नङ सफा चट पारी, दाँत माझिसकेपछि इँ गर्दै ङ्इच्च दाँत देखाउन पुग्नुभएको थियो सुमन कार्की । उहाँले पनि कापी कलम पाउनुभयो । फुरुङ्ग हुनुभयो । सङ्कट त त्यतिबेला आइलाग्यो जब अगाडि उभ्याएर उही दिदी (ठूलो बुबाकी छोरी) ले स्वास्थ्य अभियानबारे केही बोल्न लगाउनुभयो ।

सुमनलाई सुरुमा त बोल्ने साहस जागेको थियो । सधैँ तँ तँ, म म गर्ने गाउँकै साथीहरुको अघिल्तिर उभिइसकेपछि त सबै पराइ झैँ लाग्यो । मुटु चिसो भयो र कोखा घोच्यो । फोक्सोको आकार बढेर छातीभित्र अटेन । शरीर काँप्न थाले । वाक्य बन्द भयो । शरीरमा पसिनाको मूल फुट्यो थाल्यो । अनि एक्कासि भक्कानो छुट्यो । बोल्नुको साटो क्वाँक्वाँ रुन थाल्नुभयो । अनि वक्ताको जिम्मेवारीबाट सुमनले उन्मुक्ति पाउनुभयो । "भयो भयो नरो", दिदीले भन्नुभयो, "तैँले बोल्नु सकिनस् ।" तर यो घटनाले सुमनलाई झन्डै एक साता सतायो । बाख्रा चराउन जाँदासमेत साथीभाइले देख्लान् कि भनेर लुक्नुपर्‍यो । कारण केही थिएन, थियो त केवल साथीभाइले जिस्काउँछन् भन्ने लाज । विद्यालयमा त झन् निहुरमुन्टीमै केही दिन बित्यो ।

हो त्यही सुमन कार्की अहिले युवा पुस्ताका उम्दा हास्यकलाकार (कमेडियन) हुनुहुन्छ । हुन त उहाँ 'करिअर'को यात्रामै हुनुहुन्छ । थाहा छैन शिखरमा पुग्नुहुन्छ या पुग्नुहुन्न । तर नेपाली हास्यव्यङ्ग्य क्षेत्रको आधार शिविर टेकिसक्नुभएको छ । दर्शकसामु परिचित भइसक्नुभएको छ । "म सानो छँदा बुबालाई किन झिसमिसेमै निद्राले छोडेको होला जस्तो लाग्थ्यो", सुमनले भन्नुभयो, "त्यो त जिम्मेवारीले पो रहेछ । अहिले आएर बुझेँ ।"

एक दशकअघिका सुरुआती दिनमा सुमनलाई आनन्दै थियो । "हुन्छ भने हुन्छ, हुँदैन भने केही गरौँला भन्ने लाग्थ्यो । अब त अर्को क्षेत्र रोज्न पनि गाह्रो । 'करिअर'को यो चरणमा दबाब महसुस हुने रहेछ । आफूलाई 'अपग्रेड' गर्दै यही क्षेत्रमा टिक्नुपर्ने चुनौती छ", उहाँ भन्नुहुन्छ ।सुमनका बुबा बल उमेर हुन्जेल मजदुरीका लागि भारततिर धाइरहनुहुन्थ्यो । सुमनलाई पनि बालखैमा केही वर्ष भारत लैजानुभयो । उताबाट फर्केपछि गाउँकै मनकामना माविमा एकैचोटि कक्षा ३ मा भर्ना गर्नुभयो । खान लाउनै नपुग्ने पहाडका पाखा रेखा छाडेर सुख खोज्दै कक्षा ४ पढिसकेपछि बुबाले मोरङको रतुवामाई नगरपालिका-९ मा बसाइँ लानुभयो ।

सुमनका एक दाजु र एक बहिनी हुनुहुन्छ । पढाइमा सामान्य सुमनले २०६५ सालमा फलामे ढोका एलएलसी पार गर्नुभयो । अनि त्यहीँको कलेजबाट १० जोड दुई पढ्नुभयो । त्यतिबेला रेडियोको लोकप्रियता धेरै थियो । रेडियोमा फोन गर्ने श्रोतासमेत चर्चित हुन्थे । गाउँमै रेडियो सुनाखरी सञ्चालन हुने तयारीबारे सुनेपछि सुमनको खुट्टा एकै सेकेन्ड भुइँमा अडिएन । रेडियोसम्बन्धी तालिममा सहभागी हुनुभयो ।

तालिम सकिएपछि १० जना छनोट गर्ने प्रक्रियामा सामेल हुनुभयो । तर उहाँ छनोटमा पर्नुभएन । छनोटमा नपरे पनि उहाँले रेडियो स्टेसन धाउन छाड्नुभएन । "म चाहिँ त्यत्तिकै धाइरहेँ घरबाट साइकल पेलेर । मलाई विज्ञापनमा बोल्न पो दिहाल्छन् कि, नाटक खेल्न पो दिन्छन् कि भनेर आश लाग्ने नि त", हालैको एक दिन अनामनगरस्थित मण्डला थियटरमा कफीको चुस्की लिँदै सुमनले विगत स्मरण गर्नुभयो, "रेडियोमा गइरहेपछि सबैले चिन्नुभयो । पछि काम गर्न बोलाउनुभयो ।"

त्यसपछिका तीन वर्ष सुनाखरी रेडियोको माइक्रोफोनसँग बित्यो सुमनको । गाउँको रेडियोमा 'अलराउन्डर' भूमिका । जेनेरेटर चलाउनेदेखि, प्राविधिक, कार्यक्रम प्रस्तोता, समाचारवाचक, विज्ञापन बनाउनेलगायत सबै । रेडियोको 'क्रेज' क्रमशः ओरालो लाग्दै थियो । सुमनले स्नातक उत्तीर्ण गर्नुभयो । मूल सपना कलाकार बन्नु थियो, दर्शकमाझ चिनिनु थियो । त्यसका लागि एकपटक सङ्घीय राजधानीमा पाइला राख्नै थियो ।

### कलाकार बन्ने धोको

सुमनका हजुरबुबा भारतीय गोर्खा सैनिक । भर्तीबाटै ल्याउनुभएको थियो रेडियो । झिसमिसेमा चराचुरुङ्गीको चिरबिरसँगै रेडियो 'अन' हुन्थ्यो । रेडियो नेपालको शत्‍ ध्वनिले सुमनको निद्रा भाग्थ्यो । रेडियोमा सुनेका नाटक, विज्ञापनका संवादहरु जस्ताको तस्तै सुनाउँदा साथीहरु हाँस्थे । नाटकका संवाद हुन् या कृषि कार्यक्रमको 'हरि शरणम्' ठ्याक्कै पार्नुहुन्थ्यो सुमन ।

यो रेडियोमा कसरी बोल्ने होला ? कस्ता मान्छेले बोल्ने होला ? यस्ता जिज्ञासाको जवाफ पाउन चाहिँ सुमनले दशकौँ कुर्नुपर्‍यो । काकाको बिहेमा वाक्सादेखि ओखलढुङ्गा सदरमुकाम जन्ती जाँदा पहिलोपटक टिभी देख्नुभएको थियो । तर त्यो पनि कार्टुनभित्र । टिभीमा मान्छे देखिन्छ रे भन्ने सुन्दा कस्तो देखिन्छ होला भन्ने हुटहुटीले पोलिरहन्थ्यो ।

सानोमा उटपट्याङ उत्तिकै आउने सुमनलाई । गोठालो जाँदा गाउँलेको गोरु जुधाउनेदेखि भाले जुधाउनमा माहिर । जसरी भए पनि कसैले मलाई चिनोस् भन्ने मनमा लाग्नु नै सायद सुमनको कलाकार बन्ने अदृश्य चाहना थियो । त्यही चाहनाले सुमनलाई आज यहाँसम्म डोर्‍याएको हुनुपर्छ । बुबाआमाले तराई झरेपछि पनि घरमा टिभी किन्ने आर्थिक हैसियत थिएन । छिमेकी वा गाउँले कहाँ गएर हेर्नुपर्ने । "एकाएक निखिल उप्रेतीको 'ब्लाइन्ड फ्यान' भइयो", सुमन सुनाउनुहुन्छ, "निखिल जस्तो बन्न भित्ता, छानामा झुन्डिनेदेखि खेतको कुनै आली बाँकी रहेन उल्टी सुल्टी जिन्म्यास्टिक हान्ने कामले ।"

निखिललगायत कलाकार भेट्न एसएलसी पास गर्ने बित्तिकै एउटा झोला भिरेर काठमाडौँ हान्निनुभयो । उहाँलाई लाग्थ्यो काठमाडौँ कत्रो होला र ? बढीमा विराटगर जत्रो त होला । त्यत्रो फिल्म खेल्ने कलाकार त काठमाडौँमा बाटोमै छ्याप‌छ्याप्ती भेटिएलान् । भेट्ने हो, कुरा गर्ने हो, फोटो खिच्ने हो । सके फिल्म खेल्ने प्रस्तावै गरौँला । तर काठमाडौँ टेकिसकेपछि थाहा भयो, काठमाडौँ र मोरङका सहरबीचको भिन्नता । महिनौँसम्म कुनै सडक र गल्लीमा उहाँले टेलिभिजनका पर्दामा देख्नुभएको कलाकारको छायाँसम्म भेट्नुभएन । कलाकार भेट्ने भूत ओर्लियो र फेरि उही रतुवामाई फर्किनुभयो ।

रेडियो सुनाखरीमा उहाँले एउटा कमेडी कार्यक्रम प्रस्तुत गर्नुहुन्थ्यो । उहाँ रेडियोमा मात्र सीमित हुनुहुन्थेन । माइक भेटिने जति कुनै कार्यक्रम बाँकी नराख्ने । गाउँका पुराणदेखि पशुचौपायासम्बन्धी शिविरमा समेत केही न केही सुनाएर मान्छे हँसाउने । "पूर्वमा राष्ट्रिय कलाकार सहभागी हुने सांस्कृतिक कार्यक्रममा त 'ओपनिङ' मा सानो प्रस्तुति राख्न पाए मात्रै संसार जिते झैँ लाग्ने । अझ कुनै कुनै आयोजकले पोस्टरमा सानो फोटो राखिदिँदा खुसीको सीमा नहुने", कफिको अन्तिम सुर्को तानेपछि उहाँले भन्नुभयो ।

स्थानीय रेडियोमा काम गर्ने रहर पूरा भएपछि अब स्नातकोत्तर पढ्ने र सकिएमा कलाकारिता गर्ने सोचले उहाँले काठमाडौँ जाने योजना बुन्नुभयो । तर काठमाडौँमा उहाँका आफन्त कोही थिएनन् । कहाँ जाने ? कहाँ बस्ने ? योजना सुनाइरहँदा एकदिन इटहरीस्थित सप्तकोसी एफएममा कार्यरत सन्दीप भट्टले काठमाडौँमा गएर रेडियो अडियोमा काम गर्न सुझाव दिनुभयो । सुझाव मात्र दिनु भएन उहाँले रेडियो सञ्चालक दीपेन्द्र खनियालाई टेलिफोन गरेर संवाद गराउनुभयो ।

विसं २०७२ को भूकम्पपछि उहाँ काठमाडौँ आउनुभयो । खनियालाई भेट्न रेडियो अडियोमा जानुभयो । उहाँको प्रस्तुतिहरु सुनिसकेपछि नभन्दै खनियाले जागिर दिनुभयो । काठमाडौँमा टिक्नकै लागि भए पनि उहाँले फेरि रेडियोमा बोल्न थाल्नुभयो । तर यहाँको रेडियोको प्लेटफर्म र रतुवामाईको प्लेटफर्मबीचमा आकाश जमिनको भिन्नता थियो । यहाँ राष्ट्रियस्तरका कलाकारहरुसँग दैनिक भेट भइरहन्थ्यो । चिनजान हुन थाल्यो ।

यही क्रम चलिरहँदा २०७४ सालको वैशाखमा एकाएक वरिष्ठ हास्यकलाकार हरिवंश आचार्यले टेलिफोन गरेर उहाँलाई एउटा कामको प्रस्ताव गर्नुभयो । सुमनलाई उक्त प्रस्ताव सपना हो कि विपना भनेर छुट्याउन आफैँलाई चिमोट्नुपर्‍यो । आचार्यको उपन्यास 'हरिबहादुर' विमोचनमा एउटा प्रहसन गर्नु थियो । यसमा पत्रकार ऋषि धमलाको अभिनय सुमनले गर्नुपर्ने थियो । आचार्यले दीपेन्द्र खनियालाई सोध्दा सुमनको नाम सिफारिस गर्नुभएछ । त्यसपछि हरिवंशले सुमनलाई पुस्तक विमोचनको दिन नेपाल प्रज्ञा-प्रतिष्ठानको डबलीमा र पछि देश दौडाहामा सँगै लैजानुभयो ।



"त्यो क्षण मेरा लागि एउटा कलाकारले आेस्कार अवार्ड पाएभन्दा ठूलो थियो", कफी सकिएपछि कालो चिया मगाउँदै उहाँले भन्नुभयो, "पहिलो दिन डबलीमा हरिवंश दाइसँग अभिनय गर्दा त मैले पूरै बेहोसीमै गरेँ । अहिले पनि त्यो भिडियो हेर्दा त्यतिबेला म होसमा थिएँ जस्तो लाग्दैन ।" तर हरिवंश आचार्यसँगको त्यो कामले उहाँलाई धेरै कुरा सिकायो । अनुशासन, दर्शकलाई गर्नुपर्ने व्यवहार, विनम्रता, हास्यव्यङ्ग्य प्रस्तुति र लेखनमा ध्यान दिनुपर्ने विषय आदि सिक्न पाउनुभयो ।

त्यसपछि उहाँ 'कमेडी च्याम्पियन' नामक प्रतियोगितामा सहभागी हुनुभयो । विजेता हुन नसके पनि प्रतियोगिताले परिचय थप फराकिलो बनाइदियो । पछि 'डान्सिङ स्टार' नामक 'रियालिटी शो'को प्रस्तोताको भूमिका पनि निर्वाह गर्नुभयो । 'कमेडी क्लब विथ च्याम्पियन' नामक टेलिभिजन शोमा विभिन्न भूमिकामा देखिनुभयो । केही चलचित्रमा अभिनय गर्नुभयो । उहाँकै भनाइमा आफूले थाहा पाउने गरी धेरैवटा र दर्शकले थाहा पाउने गरी दुईवटामा अभिनय गरिसक्नुभएको छ । ती दुई चलचित्र 'दिमाग खराब' र 'महजात्रा' हुन् ।

### सामाजिक विषयमा व्यङ्ग्य

हास्यका विविध विधा छन् । त्यसमध्ये सुमन सामाजिक विषयवस्तुमा व्यङ्ग्य गर्नुहुन्छ । उहाँ प्रहसन, 'मिमिक्री', 'स्ट्यान्ड अप' कमेडी गर्नुहुन्छ । उहाँको कमेडी पुरानो पुस्ताका कमेडियनभन्दा आधुनिक छन् । तर अहिलेका युवा पुस्ताको झैँ उत्तर आधुनिक पनि हैन ।

"अहिलेका युवा र पुरानोको बीचमा परियो । म अलि पुरानो पुस्ताको कमेडियन हेरेर हुर्किएँ । कमेडीको विभिन्न फर्म्याट छन् । मैले मह जोडीको प्रहसन, दीपक दीपा, जितु नेपालको सिरियल हेरेर हुर्किएको हुँ", उहाँ भन्नुहुन्छ, "अहिलेको 'योङ जेनेरेसन'को कमेडी चाहिँ पूरै युवाले मात्र मन पराउने सहरिया र विदेशी किसिमको देखिन्छ ।"

उहाँले सामाजिक विषयवस्तुमा कमेडी गर्न मनपर्ने बताउनुभयो । "मलाई सामाजिक विषय मनपर्छ । म गाउँको मान्छे । यही समाजमा हुर्केको भएकाले मलाई यही विषय थाहा हुन्छ । धेरैजसो दर्शक पनि यही समाजका भएकाले यही मन पराउँछन् जस्तो लाग्छ । नजानेको विषयमा कमेडी त गर्नु पनि सक्दिन होला । सामाजिक विषयमा त मैले देखिरहेको पात्रहरु हुन्छन्", उहाँले थप्नुभयो ।त्यसो त उहाँलाई हास्य मात्रै नभएर गम्भीर प्रकृतिका अभिनय गर्ने इच्छा पनि छ । तर अहिले 'करिअर'को मध्य अवस्थामा धेरैले आफूबाट हँसाउने अपेक्षा राखेको उहाँको अनुभव छ । कुनै दिन अवसरमा मिलेमा 'कमिक क्यारेक्टर' मात्र नभइ 'सिरियस क्यारेक्टर' गर्ने धोको पनि छ उहाँमा ।

उहाँलाई अझै लेखन सिक्ने भोक छ । सदाबहार प्रकृतिका कमेडी गर्न मन छ । "जसरी मह जोडीको पुरानो प्रहसनहरु हेर्दा अझै उस्तै लाग्ने खालको छन्, त्यस्तै, लामो समय जीवन्त हुने कमेडी गर्नु मन छ", सुमन भन्नुहुन्छ, "हास्यव्यङ्ग्य ले हँसाउने मात्र हैन नि यसबाट अरूले बोल्न नसकेका विषय उठान गर्न सकिन्छ ।" सकेसम्म विवादित चीजहरु आफ्ना प्रस्तुतिबाट नआऊन् भनी सधैँ कामना गर्नुहुन्छ उहाँ ।कलाकारितामा आफूलाई 'अपडेट' र 'अपग्रेड' गर्नुपर्ने चुनौती छ । अबको पाँच वर्षपछि यस्तै कमेडी चल्छ कि चल्दैन ? दर्शक पनि अपग्रेड हुन्छन् । इन्टरनेटको दुनियाँ छ । आफूलाई दर्शकले हेर्ने बन्न आफैँ गतिलो हुनुपर्छ । कस्तो हास्यव्यङ्ग्य दर्शकले मन पराउँछन् होला ? उहाँ भन्नुहुन्छ, "म यही क्षेत्रमा टिक्नुसक्छु कि सक्दिन होला भन्ने चिन्ता प्रमुख हो ।"

कमेडी, कलाकारिता र अभिनयबाट जीविका चलाउन भने सहजै छ । केही महिनाअघि मात्रै अमेरिकाको विभिन्न राज्यमा १२ वटा कार्यक्रम गरी दुई महिना बिताएर फर्किनुभएका उहाँ यही भदौ १३ गते युरोप टुरका लागि उड्ने तयारीमा हुनुहुन्छ । भदौको १५ गते पोल्याण्डबाट सुरु हुने कार्यक्रम एक महिनामा सकिन्छ । यसपटकको युरोप यात्रामा पोल्याण्ड, बेल्जियम, जर्मनी, फ्रान्स, फिनल्याण्ड, स्पेन, माल्टा, पोर्चुगल, नर्वे र डेनमार्कमा १२ वटा कार्यक्रम छन् ।

विदेश यात्राको सुरुआत कमेडी च्याम्पियनले पहिलोपटक दुबई लगेर गराएको थियो । विशेष कार्यक्रम र यात्राको क्रममा उहाँ 'ब्लगिङ' पनि गर्नुहुन्छ । ब्लगिङ गर्दा अपडेट हुने, संस्मरणका रुपमा रहने उहाँको अनुभव छ । अलिअलि फोन खर्च पुग्ने पैसा नि युट्युबबाट प्राप्त हुने उहाँले बताउनुभयो ।"मेहनत गरियो, आफूसँग कन्फिडेन्स छ र भाग्यले नि साथ दियो भने कमेडीबाट राम्रो कमाई हुने रहेछ", उहाँले भन्नुभयो, "तर अति उत्साही भइहाल्नु नि हुन्न, धेरै कुरामा ख्याल गर्नुपर्छ ।

कलाकारिता पेसा त्यति सहज पनि छैन ।"

हाँस्नु जति सजिलो छ, हँसाउनु उत्तिकै गाह्रो काम हो । बरु कसैलाई भावुक बनाएर रुवाउन सजिलो होला तर कसैलाई आत्मादेखि हँसाउनु कठिन हुन्छ । आफैँभित्रका हजारौँ दुःखहरु लुकाएर पनि हास्यव्यङ्ग्य कलाकारहरुले दर्शकहरुलाई हँसाइरहेका हुन्छन् । विश्वचर्चित कवि पाब्लो नेरुदाले भनेका छन्, 'हाँसो आत्माको भाषा हो' । कुनै बेलाको एउटा रुन्चे बालक सुमन अहिले नेपाली दर्शकको आत्माको भाषा बुझ्ने लहरमा दौडिरहनुभएको छ ।रासस

# कसरी बनाउन सकिएला निजामती सेवालाई महिलामैत्री ?

**कृष्णा कुमारी रेग्मी**

निजामती सेवामा सबै जाति, वर्ग, क्षेत्र र लिङ्गको प्रतिनिधित्व गराउनुपर्ने संवैधानिक व्यवस्था छ । राज्यको यही मूल उद्देश्यअनुरूप पछिल्लो समयमा निजामती सेवामा महिलाको उपस्थिति लोभलाग्दो देखिएको छ ।

हालको तथ्यांक अनुसार निजामती सेवामा २८.७ प्रतिशत महिला विभिन्न पदमा कार्यरत छन् । अर्थात् निजामती सेवामा रहेका करिब ८५ हजार ३९१ कर्मचारीमध्ये २४ हजार ५११ महिला कर्मचारी छन् । यद्यपि कार्यक्षेत्रमा न्यायोचित जिम्मेवारी पाउन नसक्दा कर्मचारी महिलाले आफ्नो क्षमता र सिर्जनशीलता पूर्ण रूपमा प्रकट गर्न सकेका छैनन् ।नयाँ, ऊर्जावान् र क्षमतावान् महिला कर्मचारीले पाउने जिम्मेवारी हेर्दा सिंगो निजामती क्षेत्रलाई पनि पैतृक सोचले गिजोलिइरहेको अनुभूति हुन्छ । देशको मुख्य प्रशासनिक क्षेत्र सिंहदरबारभित्र रहेका विभिन्न मन्त्रालय हेरौँ, केही अपवादबाहेक महिला कर्मचारीले पुरुष कर्मचारीसरह जिम्मेवारी पाउन सकेका छैनन् । पहुँचवाला विभाग, कार्यालय र मन्त्रालय हेर्ने हो भने त्यहाँ सरुवा भएर जानेमा अधिकांश पुरुष कर्मचारी देखिन्छन् । सेवाग्राहीको पहुँच कम हुने वा राज्यले सेवाप्रवाह गर्न कम महत्त्व दिएको कार्यालय र निकायमा महिलाको सरुवा गर्ने मानसिकता भएकाले पनि निजामती सेवा महिलामैत्री हुन सकेको छैन ।निजामती सेवा, स्वास्थ्य सेवा, शिक्षा आयोग, सैनिक सेवा, नेपाल प्रहरी लगायतमा महिला कर्मचारीको उपस्थिति राम्रो हुँदै आए पनि कार्यस्थलमा उनीहरुमाथि भौतिक र मनोवैज्ञानिक विभेद रहेको पाइन्छ ।

सेवामा प्रवेश गर्दा जुन स्तरको ऊर्जा, उत्साह, खुसी हुन्छ; कार्यस्थलमा देखिने मनोवैज्ञानिक र भौतिक संरचनाको विभेदपूर्ण स्थितिले पित्तृसत्ताको केही छाप निजामती सेवामा रहेको आभास हुन्छ । घर-समाज मात्र नभएर सरकारी कार्यालयमा पनि महिलाले लैङ्गिक विभेदको महसुस गर्नु तितो सत्यजस्तै भएको पाइन्छ ।

कार्यालयमा महिलामैत्री भौतिक संरचनासँगै मनोवैज्ञानिक वातावरण पनि आवश्यक हुन्छ । कतिपय पुरुष कर्मचारीले कार्यालयमा महिला कर्मचारीमाथि गर्ने हेपाहा प्रवृत्ति र भाषा-शैलीका कारण महिलाहरू घरदेखि सरकारी निकायसम्म लैङ्गिक विभेदको झिल्कोमा परिरहेका छन् ।

राज्यको बागडोर सम्हाल्न पुगेका सबै राजनीतिक दलका नेताले भाषणमा महिला सहभागिताको कुरा चर्को उठाउने गरे पनि नीति निर्माणको तहमा महिलाको उपस्थिति भने सन्तोषजनक छैन । सरकारको नेतृत्व गरी कार्यपालिका सञ्चालन गर्ने माननीयले पनि आफ्नो मन्त्रालयमा महिला कर्मचारीलाई राख्ने र उचित जिम्मेवारी दिने कुरामा चुकेका छन् ।

राष्ट्रिय किताबखानाको पछिल्लो रेकर्ड अनुसार ५५ जना सचिवमध्ये महिला सचिवको संख्या आठ रहेको छ । त्यसैगरी ६०५ सहसचिवमध्ये ५५ महिला सहसचिव, दुई हजार ६७२ उपसचिवमध्ये ३८९ महिला उपसचिव, १० हजार १२ शाखा-अधिकृतमध्ये दुई हजार ६४६ महिला शाखाअधिकृत रहेका छन् । त्यस्तै, ७९ जना उच्च अदालतका न्यायाधीशमध्ये महिला न्यायाधीश २० जना छन् भने, पुनरावेदन अदालतमा चारजना न्यायाधीशम एकजना पनि महिला न्यायाधीश नभएको राष्ट्रिय किताबखानाको तथ्यांक छ ।

### कसरी छ विभेद ?

निजामती सेवाको उच्च तहमा अधिकांश पुरुष कर्मचारी छन् । हामीकहाँ छोरा र छोरीबिच जन्मेदेखि नै विभेद सुरु गरिन्छ र खासगरी त्यसको असर स्कुल तथा कलेजमा पर्छ । कतिपय छोरीले पढ्नै पाउँदैनन् भने कतिपयले दाजुभाइसरह राम्रो स्कुल-कलेज पाउँदैनन् । त्यसको असर प्रशासनिक र राजनीतिक क्षेत्रमा पनि पर्छ ।

समाज पितृसत्तात्मक रहँदै आएकाले पुरुष कर्मचारीले महिला कर्मचारीलाई हेर्ने दृष्टिकोणमा अझै परिवर्तन हुन सकेको छैन । समाजमा मूल्य-मान्यता र भाष्यहरू पनि महिलालाई पुरुषभन्दा कमजोर बनाउने गरी बनाइएका छन् । छोराहरू बहादुर र क्षमतावान् हुन्छन् भनेर घर-समाजबाट निस्किएको लैङ्गिक विभेदको जरा निजामती सेवामा पनि गाडिएको पाइन्छ । एउटै तहमा कार्यरत महिला र पुरुष कर्मचारीले पाउने जिम्मेवारीसँगै कार्य मूल्यांकनमा समेत विभेद गरेको देखिन्छ ।

नागरिकको पहुँच हुने राज्यका महत्त्वपूर्ण निकायमा महिला कर्मचारीलाई पदस्थापना गर्ने; महिला कर्मचारीको वृत्ति विकासमा न्यायोचित व्यवस्था गर्ने तर्फ पनि सोचिनुपर्छ ।निजामती सेवालाई महिलामैत्री बनाउन राज्यले बनाएका ऐन-नीतिहरूको कार्यान्वयनमा जोड दिइनुपर्ने सञ्चार तथा सूचना प्रविधि मन्त्रालयकी सचिव राधिका अर्याल बताउनुहुन्छ । ऐन बन्ने तर त्यसको पूर्ण रूपमा कार्यान्वयन हुन नसक्दा पनि निजामती सेवा महिलामैत्री बन्न नसकेको उहाँको ठम्याइ छ ।

कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाको मुख्य नेतृत्वमा पुरुषहरू नै भएकाले पनि सार्वजनिक सेवा प्रवाह गर्ने निकायमा महिला कर्मचारीले लैङ्गिक विभेदको सामना गरिरहेका छन् । कार्यपालिकामा मन्त्रीहरुदेखि र मन्त्रालयका सचिवमा पुरुषको बाहुल्य भएकाले पनि महिला कर्मचारीलाई उचित जिम्मेवारी, निष्पक्ष मूल्यांकन र समान व्यवहार हुन सकेको छैन । यसले गर्दा सार्वजनिक सेवा प्रवाहमा महिला कर्मचारीको उत्साह, ऊर्जा, क्षमता जति खर्च हुनुपर्ने हो त्यति हुन सकिरहेको छैन ।

हामीकहाँ विभिन्न आन्दोलनले व्यवस्था बदल्यो, तर सामाजिक संरचनामा जकडिएर रहेका कतिपय विभेदको अन्त्य अझै हुन सकेको छैन । महिलाले यो काम गर्न सक्दैनन्, उनीहरूमा क्षमता छैन भन्ने मनोविज्ञानका कारण कतिपय पुरुष कर्मचारीले कार्यस्थलमा लैङ्गिक विभेद गरिरहेका हुन्छन् । छोरा र छोरीबिच सानैदेखि गरिने स्याहारसम्भार, खानपान लगायत विभेदले पनि सार्वजनिक निकायमा छाप पारेको पाइन्छ । त्यति मात्र होइन, पुरुष कर्मचारीको बाहुल्य रहेको सार्वजनिक निकायका कार्यस्थलमा पुरुष कर्मचारीको कतिपय अश्लील बोली तथा भाषाले पनि महिला कर्मचारीलाई सहज रुपमा काम गर्न अप्ठेरो बनाइरहेको हुन्छ ।

पर्याप्त तालिम, उचित क्षिाको अवसर, सकारात्मक सामाजिक परिवेश निर्माण गर्नेतर्फ सरकारको ध्यान जानुपर्ने निजामती सेवाका महिला कर्मचारीको सुझाव छ ।सेवा प्रवेशसँगै नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानले नायब सुब्बासम्मलाई तालिम दिने प्रावधान भए पनि सेवा प्रवाहको भिन्नता अनुसार समयानुकूलका पुनर्ताजगी तालिम, प्रशिक्षण, गोष्ठी, भ्रमणको पर्याप्तता छैन ।

माथिल्लो तहमा पुरुष कर्मचारीकै बाहुल्य भएकाले स्वदेश तथा विदेशमा हुने गोष्ठी, भ्रमण र प्रशिक्षणमा महिला कर्मचारी वञ्चित हुने गरेका छन् । केही समयअघि प्रधानमन्त्री केपी शर्मा ओलीले सरकारबाट हुने, भ्रमण, गोष्ठी र तालिममा सहभागी संख्यामा महिलाको सहभागिता पनि अनिवार्य हुनुपर्ने बताएपछि अबका दिनमा महिला कर्मचारीलाई गरिने छनोट र मूल्यांकनमा केही आशा पलाएका छन् ।

अधिकांश सरकारी कार्यालयमा महिलामैत्री भौतिक संरचना र कार्यस्थलमा सकारात्मक वातावरणको पहुँच हुन जरुरी छ । कार्यस्थलमा सुविधा सम्पन्न स्तनपान कक्ष हुनुपर्छ, जसमा बच्चाको जाउलो र लिटो पकाउने, पानी र दुध तताउने ग्यास चुलो; बच्चालाई खेल्न-सुत्न र घरबाट ल्याएको सहयोगी बस्न मिल्ने हुनुपर्छ । धेरै सार्वजनिक निकायमा अहिले पनि पर्याप्त मात्रामा स्वस्थकर महिलामैत्री शौचालयको सुविधा छैन । महिलामैत्री काम गर्ने वातावरण भएमा महिलाहरूले गर्ने सेवा प्रवाह पुरुषको तुलनामा सुशासन, पारदर्शिता र छिटो-छरितो हुने कुरामा कुनै शंका छैन ।

### आशाको दियो

निकै संघर्ष गरेर अहिले निजामती सेवाको मुख्यसचिव पदमा पहिलो महिलाका रुपमा लीलादेवी गड्तौला पुगेपछि केही आशा नपलाएका होइनन् । सिंगो निजामती सेवाको बागडोर सम्हाल्ने मुख्यसचिवमा महिला पुग्नुलाई निजामती सेवामा सम्भावना बोकेका ऊर्जाशील महिला कर्मचारीले आशाको रूपमा लिएका छन् ।२०५२ सालमा निजामती सेवामा प्रवेश गर्नुभएकी लीलादेवी गड्तौला २७औँ मुख्यसचिव र पहिलो महिला मुख्यसचिव हुनुहुन्छ । न्याय सेवाको कानुन अधिकृतमा आजभन्दा २९ वर्षअघि एक नम्बरमा नाम निकाल्नुभएकी गड्तौलाको २०७७ सालमा सचिवमा बढुवा भए पनि न्याय सेवाको सचिवका रूपमा कानुन मन्त्रालयमा जिम्मेवारी सम्हाल्ने चाहना कहिल्यै पूरा हुन सकेन ।

कानुन मन्त्रालयको मात्र होइन, कुनै मन्त्रालय सम्हालेर उहाँले काम गर्ने अवसर पाउनुभएन । सेवा अवधिभर मन्त्रालयको सचिवको कार्यभार सम्हालेर आफ्नो कार्य क्षमता देखाउने अवसरबाट वञ्चित उहाँले संयोगले ३१ असार २०८१ मा अवकाश हुन ३७ दिन मात्र बाँकी हुँदा प्रधानमन्त्री ओलीले मन्त्री परिषद्बाट निर्णय गरेपश्चात् मुख्यसचिवको जिम्मेवारी पाउनुभयो । यो नेपालको निजामती सेवामा प्रवेश गर्ने र काम गरिरहेका महिला कर्मचारीका लागि गर्वको अनुभूति र आशाको दियो हो ।

### महिला कर्मचारीमा सदाचारिता

अपवादबाहेक सरकारी सेवामा कार्यरत महिला कर्मचारीको स्वभाव सदाचारी देखिन्छ । कामप्रति इमानदार भएकाले पनि महिला कर्मचारी बिरलै मात्रामा भ्रष्टाचार र अनियमितताका काण्डमा मुछिने गरेका छन् । सेटिङमा कमिसन खाने, काम गरेबापत घुस माग्ने काम महिला कर्मचारीले नगर्ने भएकाले पुरुषको अनुपातमा महिला कर्मचारी सदाचारी हुन्छन् । छोरीले नराम्रो काम गर्नुहुन्न भन्ने नैतिक शिक्षा र आचरण घरबाटै सिकाइन्छ । स्वभावैले महिलाहरू गलत आचरणबाट टाढा रहने भएकाले पनि सरकारी सेवामा पुरुषको तुलनामा महिला कर्मचारीले पदीय दुरुपयोग गरी कुनै आर्थिक लाभ तथा स्वार्थ लिएको देखिँदैन अपवादबाहेक ।

### महिलामैत्री नीति-नियम

बालबच्चा हुर्काउनुपर्ने जिम्मेवारी भएकाले महिलाहरू घर-व्यवहार सबै मिलाएर मात्र कार्यस्थलमा जान पाउँछन् । त्यसैले सुत्केरी बिदा र बेतलबी बिदाले मात्र उनीहरूलाई पुग्दैन । यसो हुँदा अन्य विकल्पका बारेमा सरकारले सोचेर त्यही अनुरूपको नीति-नियम बनाउनुपर्नेछ ।

नागरिकको पहुँच हुने राज्यका महत्त्वपूर्ण निकायमा महिला कर्मचारीलाई पदस्थापना गर्ने; महिला कर्मचारीको वृत्ति विकासमा न्यायोचित व्यवस्था गर्ने तर्फ पनि सोचिनुपर्छ ।निजामती सेवालाई महिलामैत्री बनाउन राज्यले बनाएका ऐन-नीतिहरूको कार्यान्वयनमा जोड दिइनुपर्ने सञ्चार तथा सूचना प्रविधि मन्त्रालयकी सचिव राधिका अर्याल बताउनुहुन्छ । ऐन बन्ने तर त्यसको पूर्ण रूपमा कार्यान्वयन हुन नसक्दा पनि निजामती सेवा महिलामैत्री बन्न नसकेको उहाँको ठम्याइ छ ।

महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा सहसचिवका रूपमा काम गर्दा महिला कर्मचारीको क्षमता विकासका लागि बनाइएका ऐन र नियम कार्यान्वयन गर्ने कुरामा आफ्नो महत्त्वपूर्ण भूमिका रहेको उहाँ बताउनुहुन्छ । केही ऐनमा सुधार गर्न जरुरी भएको पनि उहाँको अनुभव छ । निजामती सेवालाई महिलामैत्री बनाउन केही ऐनमा परिवर्तन गर्नुपर्ने उहाँको सुझाव छ । (नेपाल पत्रकार महासंघ सदस्य हुन् ।)

# आधुनिक र गुणस्तरीय शिक्षाको लक्ष्य निर्धारण गर्न प्रधानमन्त्रीको आग्रह



काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले आधुनिक, प्राविधिक र गुणस्तरीय शिक्षाको लक्ष्य निर्धारण गर्न आग्रह गर्नुभएको छ ।

प्रधानमन्त्री निवास बालुवाटारमा मंगलबार भएको मध्यपश्चिम विश्वविद्यालयको १५औँ सभामा उक्त विश्वविद्यालयका कुलपतिसमेत रहनुभएका प्रधानमन्त्री ओलीले देशको सिङ्गो शैक्षिक उन्नयनमा सक्दो योगदान दिने गरी काम गर्न आग्रह गर्नुभयो । उहाँले नेपालको राज्य प्रणालीको जगको इतिहाससँग जोडिएको कर्णाली प्रदेशलाई नवीन जागरण दिने गरी सो विश्वविद्यालयले काम गर्नुपर्नेमा जोड दिँदै सरकारको सम्पूर्ण ध्यान मुलुकमा सकारात्मक रुपान्तरण र विकासमा रहेको स्पष्ट गर्नुभयो ।

सभामा प्रस्तुत नीति, कार्यक्रम र बजेटलगायतका कार्यसूचीसम्बन्धी प्रस्तावमाथिको छलफलसत्रमा शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री एवं सहकुलपति विद्या भट्टराईले अध्यक्षता गर्नुभएको थियो । सो अवसरमा विश्वविद्यालयका उपकुलपति प्रा डा ध्रुवकुमार गौतमले एक सय ३१ शिक्षकको दरबन्दी स्वीकृतिका लागि आग्रह गर्नुभयो ।रासस


# राष्ट्रिय चिया नीति संशोधन हुन्छ : मन्त्री अधिकारी

**नेपाली अर्थोडक्स चिया प्रदर्शनीको मंगलबार उद्घाटन गर्नुहुँदै मन्त्री अधिकारीले २५ वर्षअघि बनाइएको चिया नीतिलाई समय सापेक्ष संशोधन गरी नेपालमा उत्पादन हुने चियाको प्रवर्द्धन गरिने बताउनुभयो ।**

काठमाण्डु । कृषि तथा पशुपक्षी विकासमन्त्री रामनाथ अधिकारीले राष्ट्रिय चिया नीति, २०५७ मा आवश्यक संशोधन गर्ने प्रतिबद्धता जनाउनुभएको छ ।

नेपाली अर्थोडक्स चिया प्रदर्शनीको मंगलबार उद्धाटन गर्नुहुँदै मन्त्री अधिकारीले २५ वर्षअघि बनाइएको चिया नीतिलाई समय सापेक्ष संशोधन गरी नेपालमा उत्पादन हुने चियाको प्रवर्द्धन गरिने बताउनुभयो । विदेश निर्यात हुने चियाको उचित मूल्य दिलाउन पनि आफूले प्रयत्न गर्ने उहाँको भनाइ थियो । नेपालमा उत्पादन हुने चियालाई आन्तरिक र बाह्य बजारमा प्रवर्द्धन गर्न मन्त्रालयले काम गरिरहेको मन्त्री अधिकारीले बताउनुभयो ।

नेपाली चियाको मूख्य निर्यात बजार भारत भएको तर भारत आफै चियाको ठूलो उत्पादक रहेकाले नेपाली चियाले उचित मूल्य नपाउँदा उत्पादन लागत समेत नउठ्ने गरी चिया बिक्री गर्न चिया उद्योगी बाध्य हुने गरेकाले यो समस्या समाधानका लागि पहल गर्ने मन्त्री अधिकारीले बताउनुभयो । "कार्यक्रमले हाम्रो ध्यान उत्पादनको गुणस्तर सुधारमा केन्द्रित गराउन, जैविक र दिगो खेती प्रणालीलाई कायम गरी निरन्तरता दिन प्रोत्साहन गर्नेछ, नेपाली अर्थोडक्स चियाले विश्वका उत्कृष्ट चियाको बीचमा उभिन सक्ने सम्भावना छ", उहाँले भन्नुभयो ।



नेपाली चियाको बजारीकरणका लागि भारतीय बजारको विकल्प खोज्नुपर्नेमा जोड दिँदै मन्त्री अधिकारीले यसका लागि चियाको अक्सन विकल्प हुनसक्ने बताउनुभयो । नेपालमा चिया अक्सन केन्द्रलाई सञ्चालनमा ल्याउन पहल गर्ने उहाँले प्रतिबद्धता जनाउनुभयो । प्रदर्शनीले नागरिकलाई नेपाली चियाको गुणस्तरको बारेमा जागरूकता पैदा गर्ने विश्वास गरिएको छ । स्वदेशमा उत्पादित चियाको उपभोगलाई प्रोत्साहन गर्नेछ, जसले बलियो राष्ट्रिय बजार निर्माण गर्न मद्दत गर्ने विश्वास गरेको मन्त्री अधिकारीले बताउनुभयो । निजी क्षेत्रलाई चिया प्रशोधन र प्याकेजिङमा लगानी तथा प्रोत्साहन गर्न सरकार सदैव तयार रहने उहाँले बताउनुभयो ।

"नेपालको ओर्थोडक्स चिया केवल उत्पादन मात्र होइन, यो हाम्रो सम्पदा हो जसलाई हामीले माया र प्रवर्द्धन गर्नुपर्छ । नेपालको अर्थोडक्स चियालाई हाम्रो देश र विश्वभरि एक परिचित नाम बनाउन सबै मिलेर काम गरौँ", मन्त्री अधिकारीले भन्नुभयो । चियाको ब्राण्डिङ अनि प्रवर्द्धनका कार्यक्रमलाई प्राथमिकतामा राख्ने प्रतिबद्धता सो अवसरमा उहाँले व्यक्त गर्नुभयो । सामूहिक प्रयासले नेपालको अर्थोडक्स चियालाई विश्व बजारमा नेपाल चिनाउने प्रतिनिधिको रुपमा स्थापित गर्न यस्ता कार्यक्रमले सहयोग पुग्ने आशा गरिएको मन्त्री अधिकारीको भनाइ थियो ।

चिया प्रदर्शनी आयोजक समितिका सोनाम पाल्जोर लामाले नेपाली चियाको आन्तरिक र बाह्य बजार प्रवर्द्धन गराउने उद्देश्यले नै चिया प्रदर्शनी गरिएको जानकारी दिनुभयो । चियाको प्रवर्द्धनमा २५ वर्ष अघि बनेको चिया नीति बाधक भएकाले त्यसलाई समय सापेक्ष संशोधन गरिनुपर्ने उहाँको माग थियो ।

चियाको आन्तरिक बजार प्रवर्द्धन गर्ने मुख्य उद्देश्यले प्रदर्शनी आयोजना गरिएको हो । ठमेलस्थित छायाँ सेन्टरमा आयोजना गरिएको प्रदर्शनीमा ५८ कम्पनीका एक सय ४० प्रकारका चिया राखिएको व्यवसायी पेम्बा ह्योल्मोले राससलाई जानकारी दिनुभयो । पूर्वी नेपालमा उत्पादित उच्च गुणस्तरको चिया विदेश निर्यात हुने गरेको छ । नेपालमा उत्पादित सबै चिया विदेश निर्यात हुँदैन । उच्च गुणस्तरको चिया नेपालको ठमेल र पोखराजस्ता पर्यटकको बढी चहलपहल हुने ठाउँमा पनि खपत हुने गरेको छ । इलामको सूर्योदय नगरपालिकाका युवाले उक्त कार्यक्रम आयोजना गरेका हुन् ।

नेपालका विभिन्न जिल्लामा उत्पादित उच्च गुणस्तरको चिया ठमेल र पोखरा जस्ता पर्यटकको बढी चहलपहल हुने ठाउँमा प्रतिकिलो रु तीन हजारदेखि रु २० हजारसम्ममा बिक्री हुने गरेको छ । चिया एवं कफी क्षेत्रका प्रवर्द्धनमा स्थानीय, प्रदेश र केन्द्र गरी तीनै तहका सरकारको सहयोग आवश्यक पर्नेमा व्यवसायीले जोड दिएका छन् ।रासस

# परराष्ट्र मन्त्री डा राणा र ओमानका विदेशमन्त्री अल बुसाइदीबीच द्विपक्षीय वार्ता

काठमाण्डु । परराष्ट्रमन्त्री डा आरजु राणा देउवा र उहाँको निमन्त्रणामा सोमबार नेपाल आउनुभएका ओमानका विदेशमन्त्री सइद बद्र हमाद हमुद अल बुसाइदीबीच मंगलबार द्विपक्षीय वार्ता भएको छ । उहाँहरुबीच भएको वार्तामा नेपाल र ओमानको द्विपक्षीय हित, सम्बन्ध विस्तार र साझा चासोका विविध विषयमा कुराकानी भएको थियो ।

त्यस वार्तामा नेपालले हवाई कनेक्टिभिटी, श्रमसमबन्धी विषयहरु, लगानी, पर्यटन, कूटनीतिक आदानप्रदान एवं आवश्यक सबै प्रकारका सहयोग र समन्वयका विषयमा छलफल भएको थियो । वार्तामा नेपाल तर्फबाट मन्त्री डा राणासहित परराष्ट्र सचिव सेवा लम्साल, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव गणेशप्रसाद पाण्डे, ओमानका लागि नेपाली राजदूत डोरनाथ अर्याललगायतका अधिकारीहरु र ओमानका विदेशमन्त्रीको नेतृत्वका ओमानी अधिकारीहरु सहभागी हुनुहुन्थ्यो ।



वार्तामा परराष्ट्र मन्त्री डा राणाले नेपालका अन्तर्राष्ट्रिय विमानस्थलहरु भैरहवा र पोखरा विमानस्थलमा हवाई उडान सञ्चालनका लागि ओमानसँग आग्रह गर्नुभएको थियो । पहिला पनि ओमानले भैरहवामा हवाई उडान सुरु गरेको र पछि बन्द गरेको भए पनि हाल नेपाल सरकारले विदेशी एयरलाइन्सहरुलाई थप सुविधा उपलब्ध गराउने निर्णय गरेकाले पुनः उडान सञ्चालनका लागि उहाँले आग्रह गर्नुभयो । यस विषयमा ओमानका विदेशमन्त्री अल बुसाइदीले पुनः विचार गर्ने बताउनुभएको थियो । त्यसैगरी नेपालले नेपाली श्रमिकहरुको हक हित तथा थप श्रम गन्तव्यबारे कुरा उठाएको थियो । नेपाल पक्षले ओमानको श्रम कानुन र अरु वातावरण राम्रो रहेकाले नेपाली श्रम बजारको राम्रो गन्तव्य हुन सक्ने भन्दै यस विषयमा कुरा उठाएको थियो । ओमान पक्षले पनि नेपाली श्रमिकहरु काममा लगनशील र इमान्दार रहेकाले आफ्नो देशले आवश्यकताका आधारमा थप श्रमिमक लैजाने विषय बताएको थियो । यस विषयमा दुई देशबीचमा श्रम सम्झौता गरिने सहमति सो वार्तामा भएको थियो ।

त्यस्तै परराष्ट्र मन्त्री डा राणाले नेपालको प्राकृतिक सौन्दर्य, नेपालमा सगरमाथा लगायतका विश्वका आठ हजार भन्दा अग्ला हिमालहरु एवं विश्व सम्पदा सूचीमा सूचीकृत सम्पदाहरुका कारण पनि नेपालको पर्यटकीय सम्भावना धेरै रहेकाले ओमानी पर्यटकको नेपाल आगमन लगायतका अन्य सम्भावनाहरुमा संयुक्त रुपमा केही गर्न सकिने प्रस्ताव गर्दै नेपालमा पर्यटनका क्षेत्रमा लगानी गर्न ओमानसँग आग्रह गर्नुभएको थियो ।

त्यस वार्तामा मन्त्री डा राणाले नेपालमा जलविद्युत लगायतका कैयौँ क्षेत्रमा लगानीका धेरै सम्भावना रहेकाले नेपालमा लगानीका लागि पनि विदेशमन्त्री मार्फत् ओमान सरकार त्यहाँका लगानीकर्ताहरुलाई आग्रह गर्नुभएको थियो ।

सो वार्तापछि मन्त्री डा राणाले पत्रकारहरुलाई संक्षिप्त प्रतिक्रिया दिँदै नेपाल र ओमानबीचको सम्बन्धलाई थप प्रगाढ बनाउने विषयमा कुराकानी भएको बताउनुभयो । उहाँले नेपाल र ओमानका दुवै तर्फका लगानी तथा अन्य आदानप्रदानका सम्भावना र चासोका धेरै विषयहमा कुरा गरेको र दुई देशबीच श्रम, स्वास्थ्य, पर्यटन र परराष्ट्र मामिलाका सम्बन्धमा छिट्टै सम्झौताको तयारी भएको पनि जानकारी दिनुभयो । उहाँले नेपालमा पर्यटनका क्षेत्रमा लगानी गर्न ओमान इच्छुक रहेको जानकारी पनि मन्त्री डा राणाले दिनुभएको थियो ।रासस

# 'सम्पूर्ण देशभक्त शक्ति गोलबन्द हौं'




काठमाण्डु । आम जनता पार्टीले देशलाई विकास र समृद्धिको पथमा लैजान सम्पूर्ण नेपाली एकताबद्ध भएर लाग्नुपर्ने आवश्यकता औँल्याएको छ ।

उक्त पार्टीको मंगलबारदेखि सुरु भएको दुई दिने केन्द्रीय समिति बैठकमा प्रस्तुत राजनीतिक प्रतिवेदनमा त्यसका लागि पार्टीको सङ्गठनात्मक क्षमतामा गुणात्मक विकास गर्नपर्नेमा जोड दिइएको छ ।

पार्टीद्वारा अघि सारिएका रुपान्तरणकारी एजेण्डा कार्यान्वयन गर्न सङ्गठन सुदृढीकरणको विकल्प नरहेको जनाउँदै परिवर्तनकारी जनता पहिचान गरी सङ्गठनमा गोलबन्द गर्नु आजको आवश्यकता आएको प्रतिवेदनमा उल्लेख छ।प्रतिवेदनमा संवैधानिक व्यवस्था, राजनीतिक नेतृत्वको चरित्र, राजनीतिक, आर्थिक, सामाजिक अवस्थाको विश्लेषण तथा पार्टीले अघि बढाइरहेका कार्यक्रमको समीक्षा, भ्रष्ट्राचारविरुद्धको आन्दोलन लगायतका विषयवस्तु समेटिएका छन् ।

बैठकलाई सम्बोधन गर्दै सो पार्टीका अध्यक्ष प्रभु साहले राष्ट्र र राष्ट्रियता बलियो तुल्याउन सम्पूर्ण देशभक्त शक्तिलाई गोलबन्द हुन आह्वान गर्नुभयो । उहाँले भन्नुभयो, "देशमा परिवर्तन चाहने शक्ति एवं पार्टीसँग सहकार्य गर्नुपर्छ, अग्रगामी सोच भएका दलसँग संवाद, सहकार्य र एकताको माध्यमबाट अघि बढन जरुरी छ ।"बैठकमा समसामयिक राजनीति, मुलुकको अर्थतन्त्र, शिक्षक दरबन्दीलगायतका दलले विगतदेखि उठाउँदै आएका मुद्दाबारे पार्टीको धारणा समेटिएको विशेष प्रस्ताव पेस गरिएको छ। बैठकले मनसुनजन्य प्राकृतिक प्रकोप तथा विभिन्न दुर्घटना भएको जनधनको क्षतिप्रति दुख व्यक्त गरेको छ ।रासस

# प्रतिनिधिसभा बैठक: महङ्गीलगायत आपराधिक घटना नियन्त्रणका लागि ध्यानाकर्षण

काठमाण्डु । सांसदहरूले देशमा बढ्दै गएको महङ्गीलगायत आपराधिक घटना नियन्त्रणका लागि सरकारको ध्यानाकर्षण गराएका छन् । प्रतिनिधिसभाको मंगलबारको बैठकको शून्य समयमा सांसद भगवती चौधरीले पछिल्लो समय देशमा आपराधिक क्रियाकलाप बढ्दै गएको भन्दै त्यस्ता क्रियाकलाप नियन्त्रणका लागि सरकारसँग अनुरोध गर्नुभयो ।

सांसद महेशकुमार बर्तौलाले चितवन राष्ट्रिय निकुञ्ज र पर्सा राष्ट्रिय निकुञ्जलाई एकीकृत पर्यटन पवर्द्धन गर्ने उद्देश्यका साथ कार्ययोजना अगाडि बढाउनुपर्नेमा जोड दिनुभयो । सांसद माधव सापकोटाले सङ्घमा नयाँ सरकार बनेसँगै प्रदेश सरकार निर्माणमा ढिलाइ भइरहेको जनाउँदै सम्बन्धित निकायको ध्यानाकर्षण गराउनुभयो ।

यस्तै, सांसद मीना तामाङले काभ्रेपलाञ्चोकको बनेपा-६ की ममता काफ्लेको हालै अमेरिकामा श्रीमानद्वारा हत्या गरिएकाप्रति आपत्ति जनाउँदै दोषीलाई कारबाही हुनुपर्ने बताउनुभयो। सांसद मेनकाकुमारी पोखेलले दाङको घोराही-तुल्सीपुर सडकखण्डअन्तर्गत पर्ने सेवा खोलामा निर्माणाधीन पुलको काममा ढिलाइ भएका कारण जनताले सास्ती भोग्नुपरेको बताउनुभयो। सांसद मैना कार्कीले जाजरकोटमा पछिल्लो समय भूकम्पले सतारहेको उल्लेख गर्दै भूकम्पपीडितका लागि उचित राहतको व्यवस्था गर्न सरकारसँग माग गर्नुभयो।

सांसद मङ्गलप्रसाद गुप्ताले कपिलवस्तुका विभिन्न स्थानमा बाढीका कारण जनजीवन कष्टकर भएको भन्दै सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद योगेन्द्र मण्डलले गत असार महिनामा प्रकाशित माध्यामिक शिक्षा परीक्षा (एसइई) को नतिजा सन्तोषजनक नभएको भन्दै आगामी वर्षमा सुधारका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको ध्यानाकर्षण गराउनुभयो । सांसद रणकुमारी बलमपाकी मगरले एसइई र १२ कक्षाको परीक्षाफल प्रकाशित भएसँगै देशमा शिक्षाको अवस्था प्रष्ट भएको भन्दै शिक्षा प्रणाली सुधार गर्न सरकार र सरोकारवाला निकाय गम्भीर बन्नुपर्ने धारणा राख्नुभयो । सांसद रणेन्द्र बरालीले पछिल्लो समय देशमा भ्रष्टाचार मौलाउँदै गएको भन्दै त्यसको अन्त्य गर्नुपर्ने माग गर्नुभयो ।

सांसदहरू रामहरि खतिवडा, रोशन कार्की, लक्ष्मी तिवारी, लालवीर चौधरी, लीलादेवी लिम्बू, लीलानाथ श्रेष्ठ, लेखनाथ दाहाल, विक्रम पाण्डे, विजुला रायमाझी, राजेन्द्र बजगाइँ, रुक्मणी राना बराइली, रामकुमार राई र रामकृष्ण यादवले देशमा रहेको भष्टाचार, आपराधिक क्रियाकलाप र महङ्गी अन्त्य गर्नुपर्नेमा जोड दिनुभयो ।रासस

# 'संविधान संशोधनमा प्रतिपक्षको पनि सहमति आवश्यक छ'

काठमाण्डु । सांसद नारायण प्रकाश साउदले नेपाली कांग्रेस र नेपा (एमाले) बीच सरकार निर्माणका क्रममा भएको संविधान संशोधन गर्ने सहमतिलाई कार्यान्यवन गर्नेतर्फ केन्द्रित हुन सरकारलाई अनुरोध गर्नुभएको छ ।

प्रतिनिधिसभाको मंगलबारको बैठकको विशेष समयमा बोल्दै सांसद साउदले भन्नुभयो, "हामीले २०७२ सालमा संविधान ल्याइसकेपछि पटक पटक सरकार परिवर्तन भएका छन्, स्थिरताभन्दा पनि अस्थिरता छाएको छ, यो सृंखला प्रदेशमा पनि देखिएको छ ।"



संविधान संशोधनका लागि राजनीतिक स्थिरताको आवश्यकता पर्ने बताउँदै संशोधनका लागि विभिन्न पार्टी र पार्टिभित्रका दलहरुबीच, सरकार र प्रतिपक्षबीचमा पनि राष्ट्रिय सहमति हुनुपर्ने उहाँको भनाइ छ। सांसद साउदले महिला, आदिवासी जनजाति, मधेशी, दलित, अपाङ्गता भएका व्यक्तिलगायत सदियौँदेखि उत्पीडनमा पारेको समुदायले पाउँदै आएको अधिकार कमजोर नहुने गरी संविधान संशोधन गनुपर्ने बताउनुभयो।

लोकतन्त्र, समावेशीता, अग्रगमनको सवालमा कसैले कसैलाई दोषारोपण गर्नुपर्ने आवश्यकता नभएको उल्लेख गर्दै सांसद साउदले संविधान संशोधनको सवालमा सबै दलहरु प्रतिबद्ध हुनुपर्ने बताउनुभयो। संविधानभित्र भएका जटिलतालाई समाधान गर्नेबारे प्रतिपक्ष राजनीतिक दलपनि सकारात्मक रुपमा अगाडि बढ्नुपर्ने उहाँको भनाइ थियो ।

यस्तै सांसद रघुजी पन्तले प्रतिपक्षी दलले प्रतिशोध साध्नेभन्दा पनि सकारात्मक ढङ्गबाट सरकारलाई सहयोग गर्न आग्रह गर्नुभयो । उहाँले कांग्रेस र एमाले मिलेर सरकार गठन भए पनि सबै दलको सल्लाह, सुझाव र सहमतिको आधारमा संविधान संशोध गर्नुपर्ने बताउनुभयो। "संविधान संशोधनको विषय कांग्रेस र एमालेबीच सरकार गठनको समयमा सहमति हुँदा मात्रै भएको होइन, संविधान संशोधनको विषय त्यो भन्दा अघि नै आमजनता, नागरिक समाजले उठाएको विषय हो, त्यसैले संविधान संशोधनको विषयमा प्रतिपक्षलगायत सम्पूर्ण दलबीच एक मत हुने छ", उहाँले भन्नुभयो ।रासस

# 'भ्रष्टाचारीलाई पाँच वर्षे हदम्यादको बारेमा सरकारले स्पष्ट जवाफ दिनुपर्छ'

काठमाण्डु । सांसद रेखा यादवले पछिल्लो समयमा नेपालको शैक्षिक अवस्था खस्किँदै गएकाले समयानुकूल शिक्षा प्रणाली परिवर्तन गर्नुपर्नेमा जोड दिनुभएको छ ।

प्रतिनिधिसभाको मंगलबारको बैठकको विशेष समयमा बोल्दै उहाँले भन्नुभयो, "शिक्षाले दिनदिनै अर्थतन्त्र बदलिँदै गएको देखिन्छ, पछिल्लो समयमा एसइई र १२ कक्षाको परीक्षाफलले अभिभावकमा निराशा छाएको छ ।" विद्यालयले अभिभावकबाट अनेक बहानामा आवश्यकताभन्दा बढी शुल्क लिइरहेको तर विद्यार्थी परीक्षाको प्रतिफल कमजोर आएको उहाँको भनाइ थियो।

सांसद रामप्रकाश चौधरीले पछिल्लो समयमा बाढीपहिरोका कारण देशभर ठूलो जनधनको क्षति भएको भन्दै त्यसतर्फ सरकारको ध्यानाकर्षण गराउनुभयो। सांसद चित्रबहादुर केसीले भष्ट्राचारीलाई पाँच वर्षे हदम्यादको बारेमा सरकारले स्पष्ट जवाफ दिनुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "भ्रष्टाचारीलाई पाँच वर्षे हदम्यादको विषयलाई दिएर देशैभरीबाट फोन आएको छ, यस बारेमा राज्यले स्पष्ट जवाफ दिनुपर्छ ।" उहाँले भ्रष्टाचार अन्त्य गर्दै जनतालाई सुशासन दिनुपर्नेमा जोड दिनुभयो।

सांसद प्रेम सुवालले देशभरी भएको सडक दुर्घटना नियन्त्रण गर्न सरकारसँग माग गर्नुभयो । सांसद महेन्द्रकुमार रायले भारतसँगको सीमा क्षेत्रमा देखिएको समस्या समाधान गर्न सरकारसँग अनुरोध गर्नुभयो । सांसद अच्युतप्रसाद मैनाली र सुशीला थिङले मुलुकको समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराउनुभयो ।रासस

# युक्रेनमा रुसद्वारा भीषण हवाई हमला, निसानामा विद्युत् केन्द्रहरू

बीबीसी

काठमाण्डु । रुसले युक्रेनमा दोस्रो दिन पनि शृृंखलाबद्ध हवाई आक्रमण गरेको छ। युक्रेनी वायुसेनाका प्रमुखका अनुसार अहिलेको हमला रुसी सेनाले अहिलेसम्म युक्रेनमा गरेको सबैभन्दा भीषणमध्ये एक हो।रुसले युक्रेनका आधाभन्दा बढी क्षेत्रहरूमा क्षेप्यास्त्र र ड्रोन प्रहार गरेको छ। रुसी आक्रमणबाट ऊर्जा उत्पादन गर्ने पूर्वाधारहरूमा क्षति पुगेको छ।

आक्रमणमा परेर कम्तीमा सात जनाको मृत्यु भएको छ भने दर्जनौँ मानिस घाइते भएका छन्। युक्रेनी वायुसेनाका प्रमुख मिकोला ओलेश्चुकले मस्कोले प्रहार गरेका १२७ मध्ये १०० वटा क्षेप्यास्त्र र उत्तिकै परिमाणमा ड्रोनहरूलाई खसालिएको दाबी गरेका छन्। राष्ट्रपति भोलोदोमिर जेलेन्स्कीले उक्त हमलाले त्यस्ता ड्रोन र क्षेप्यास्त्र झार्नका लागि किएभ र उसका साझेदारहरूले हवाई प्रतिरक्षाबारे एउटा साझेदारी गर्नुपर्ने देखिएको बताएका छन्।

निसानामा ऊर्जा पूर्वाधार

युक्रेनमाथि शृंखलाबद्ध क्षेप्यास्त्र र ड्रोन हमला आइतवार राति सुरु भएको थियो। त्यसले सोमवार बिहान पनि निरन्तरता पायो।

रुसले ऊर्जा पूर्वाधारहरूलाई निसाना बनाएको देखिन्छ। आक्रमणका कारण युक्रेनमा अन्धकार छाएको थियो।युक्रेन सरकारले पूरै देशमा हवाई आक्रमणको जोखिमबारे चेतावनी दिँदै मानिसहरूलाई सुरक्षित ठाउँमा आश्रय लिन भनेको थियो। रुसले आफूले युक्रेनको ऊर्जा पूर्वाधारहरूमा आक्रमण गरेको भन्दै तोकिएका सबै निसानामा हमला गरेको उल्लेख गरेको छापूर्वी युक्रेनको क्रिभी री सहरमा अवस्थित एउटा गैरसैनिक भवन रुसी क्षेप्यास्त्र हमलामा निसानामा परेको थियो।

त्यहाँ एक महिलाको मृत्यु भएको र अन्य पाँच जना सम्पर्कविहीन भएको स्थानीय सैन्य प्रशासनका प्रमुख ओलेक्सान्डर भिल्कुलले टेलिग्राममा बताएका छन्। युक्रेनी वायुसेनाका प्रमुख मिकोला ओलेश्चुकका अनुसार रुसले १२७ वटा क्षेप्यास्त्र र १०९ वटा ड्रोन हमला आइतवार राति र सोमवार बिहानको समयमा प्रहार गरेको थियो। युक्रेनले १०२ वटा क्षेप्यास्त्र र ९९ वटा ड्रोन खसालिदिएको उनले टेलिग्राममा बताए।



> निसानामा ऊर्जा पूर्वाधार
> युक्रेनमाथि शृंखलाबद्ध क्षेप्यास्त्र र ड्रोन हमला आइतवार राति सुरु भएको थियो। त्यसले सोमवार बिहान पनि निरन्तरता पायो। रुसले ऊर्जा पूर्वाधारहरूलाई निसाना बनाएको देखिन्छ। आक्रमणका कारण युक्रेनमा अन्धकार छाएको थियो।

ओलेश्चुकका अनुसार संयुक्त रूपमा गरिएको उक्त आक्रमण "अहिलेसम्मकै ठूलो हवाई हमला" हो।नेटोको सदस्यराष्ट्र पोलन्डले उक्त हमलाको समयमा एउटा 'वस्तु' आफ्नो भूभागमा प्रवेश गरेको जनाएको छ। "सम्भवतः त्यो ड्रोन थियो। हामीले त्यस्तो अनुमान गरेका छौँ किनभने त्यसको उडानको मार्ग र गति हेर्दा त्यो क्षेप्यास्त्र होइन," सैनिक प्रवक्ता यात्सेक गोर्जेस्कीलाई उद्धृत गर्दै समाचारसंस्था रोएटर्सले जनाएको छ।

नेटोका प्रवक्ताले युक्रेनमाथिको आक्रमणको निन्दा गर्दै नेटोको हवाई क्षेत्रको रुसले उल्लङ्घन गर्नु "गैरजिम्मेवारपूर्ण र खतरा हुने खालको" रहेको बताएको उक्त समाचारसंस्थाले उल्लेख गरेको छ। यसअघि गत डिसेम्बरमा युक्रेनमाथि १५८ क्षेप्यास्त्र र ड्रोनहरू प्रयोग गरी भएको रुसी आक्रमणलाई सबैभन्दा ठूलो हवाई हमला मान्ने गरिएको थियो।आक्रमणको मुख्य निसाना ऊर्जा पूर्वाधार भए पनि यसलाई युक्रेनको आत्मबलमाथि प्रहार गर्ने मस्कोको रणनीतिका रूपमा पनि हेरिएको छ।

हालैका दिनमा युक्रेनी सेना रुसको कुर्स्क क्षेत्रमा छिर्न सफल भएपछि युक्रेनीहरू हौसिएका थिए।सोमवारको हमलाबाट रुसले युक्रेनका सर्वसाधारण र पश्चिमा नेताहरूलाई अझै पनि लडाइँमा क्रेम्लिनकै हात माथि रहेको सन्देश दिन चाहेको देखिन्छ।रुसले युक्रेनभित्र आफूले चाहेको ठाउँमा प्रहार गर्न सक्ने भन्दै रुसलाई कम नआँक्न चेतावनी दिन खोजेको देखिन्छ। हमलामा रुसले युक्रेनका १५ वटाजति क्षेत्रलाई निसाना बनाएको र उसले ड्रोन, क्रूज क्षेप्यास्त्र तथा सुपरसोनिक क्षेप्यास्त्रहरू प्रयोग गरेको युक्रेनका प्रधानमन्त्री डेनिस शिमहलले यसअघि बताएका थिए।

हमलाले भौतिक संरचनाहरूमा गम्भीर क्षति पुगेको छ। किएभ र अन्य सहरहरूमा विद्युत् आपूर्ति बन्द भएको छ भने पानीको आपूर्तिमा पनि अवरोध उत्पन्न भएको छ।किएभको उत्तरमा अवस्थित एउटा जलविद्युत् केन्द्रलाई पनि प्रमुख निसाना परेको थियो। त्यहाँ पुगेको क्षतिको आकलन हुँदै छ। रुसले युक्रेनको ऊर्जा पूर्वाधारमाथि सन् २०२२ को फेब्रुरीमा युद्ध सुरु भएयता नै निसाना बनाइरहेको छ।हालैका महिनामा विद्युत् ग्रिडमा भएका निरन्तरका हमलाका कारण युक्रेनमा बारम्बार बिजुली आपूर्ति बन्द हुने अवस्था आएको छ।

गत जुन महिनामा युक्रेनी राष्ट्रपति जेलेन्स्कीले रुसले युक्रेनको विद्युत् उत्पादन क्षमतामध्ये आधामा क्षति पुऱ्याइदिएको बताएका थिए। युक्रेनले युरोपेली सङ्घबाट बिजुली किन्ने गरेको छ। तर त्यो पर्याप्त छैन। त्यही भएर अस्पताल र सैनिक शिविरजस्ता संवेदनशील क्षेत्रलाई ध्यान दिँदै त्यहाँ योजनाबद्ध तरिकाले विद्युत् आपूर्ति कटौती गर्ने गरिएको छ।रुसको रक्षा मन्त्रालयले आफूले विद्युत् र ग्यास केन्द्रहरू साथै पश्चिमा अस्त्रहरू भण्डारण गरिएका ठाउँमा हमला गरेको जनाएको छ।

"निर्धारित सबै निसानाहरूमा आक्रमण गरिएको छ। त्यसबाट विद्युत् आपूर्ति बन्द भएको छ र अग्रमोर्चामा हतियार र गोलीगट्ठा पैठारी गर्ने रेल यातायातमा पनि अवरोध पुगेको छ।" सोमवार राष्ट्रपति जिलेन्स्कीले ब्रिटेन, संयुक्त राज्य अमेरिका र फ्रान्ससहितका पश्चिमा साझेदारहरूलाई उनीहरूका नीति परिवर्तन गर्न अनि रुसको भित्री क्षेत्रसम्म हमला गर्न ती देशका अस्त्र प्रयोग गर्न युक्रेनलाई अनुमति दिन अनुरोध गरेका छन्।युक्रेनले कतिपय पश्चिमा अस्त्र प्रयोग गरेर रुसभित्रका निसानामा हमला गर्न पाइरहेको छ तर लामो दूरीका हतियारहरू भने प्रयोग गर्न अनुमति पाएको छैन।उनले युरोपेली वायुसेनाले युक्रेनी वायुसेनासँग मिलेर काम गरे आफूहरूले धेरै ज्यान जोगाउन सक्ने पनि बताए।

# पोखरामा राष्ट्रिय पुरुष तथा महिला भलिबलको तयारी



पोखरा। नेपाली महिलाहरुको महान् पर्व हरितालिका तीजका अवसरमा पोखराको लामाचौरमा तीज महोत्सव तथा राष्ट्रिय पुरुष तथा महिला भलिबल प्रतियोगिता हुने भएको छ।

नवआदर्श सामुदायिक विकास समाज (नाकोड्स)को आयोजनामा २६औँ संस्करणको 'लामाचौर तीज महोत्सव-२०८१' को प्रमुख आकर्षणका रुपमा लामाचौर कप राष्ट्रिय भलिबल प्रतियोगिता गरिने भएको छ।

सो संस्थाको २८औँ वार्षिक समारोह एवं तीज महोत्सव यही भदौ १९ देखि २१ गतेसम्म लामाचौरको इन्द्रराज्यलक्ष्मी माविको प्राङ्गणमा हुने मंगलबार आयोजित पत्रकार सम्मेलनमा संस्थाका अध्यक्ष स्वागतसिंह भण्डारीले जानकारी दिनुभयो ।संस्कृतिको जगेर्ना एवं खेलकुदको विकास गर्ने उद्देश्यले महोत्सवलाई निरन्तरता दिइएको उहाँले बताउनुभयो । राष्ट्रिय पुरुष तथा महिला भलिबलमा दुवैतर्फ नेपालका तीन विभागीय टोलीसहित पाँच/पाँच टोलीले प्रतिस्पर्धा गर्नेछन् ।

महिला राष्ट्रिय भलिबलतर्फ विभागीय सशस्त्र प्रहरी बलको एपिएफ क्लब, नेपाल पुलिस क्लब, नेपाल आर्मी क्लब, न्यू डायमण्ड युथ स्पोर्टस् क्लब र न्यू एभरेष्ट भलिबल क्लब बुटवलले भाग लिने छन् ।यसैगरी पुरुषतर्फ विभागीय सशस्त्र प्रहरीको एफिएफ क्लब, नेपाल पुलिस क्लब, नेपाल आर्मी क्लब, गण्डकी प्रदेश भलिबल टिम र मणिमुकुन्द भलिबल क्लब बुटवलबीच प्रतिस्पर्धा हुने अध्यक्ष भण्डारीले बताउनुभयो ।

प्रतियोगिताको महिला तथा पुरुष दुवैतर्फ विजेताले समान रु एक लाख ५० हजार एक सय ११, उपविजेतालाई रु एक लाख एक सय ११, तेस्रोलाई रु ५० हजार एक सय ११ नगद पुरस्कार साथमा सिल्ड, मेडल र प्रमाणपत्र प्रदान गरिने संस्थाका प्रथम उपाध्यक्ष तथा कार्यक्रम संयोजकदिनेशभण्डारीलेजानकारी दिनुभयो ।सर्वोत्कृष्ट खेलाडी एवं विधागत पुरस्कारको व्यवस्था गरिएकोबताइन्छ।भलिबलभदौ१८ गतदेखि नै सञ्चालन हुने संयोजक भण्डारीले बताउनुभयो । यसैगरी अन्तरविद्यालयस्तरीय लोकनृत्य प्रतियोगिता, अन्तरमहिला समूहगत खुला तीज गीत प्रतियोगिता पनि महोत्सवको अर्का आकर्षण रहेको छ ।

तीज गीतमा प्रथमलाई रु ५० हजार एक सय ११, द्धितीयलाई रु ३० हजार एक सय ११, तृतीयलाई रु २० हजार एक सय ११ र सान्त्वना रु १० हजार एक सय ११ साथै सहभागी टोलीलाई प्रोत्साहनवापत रु दुई हजार प्रदान गरिने आयोजक नवआदर्श सामूदायिक विकास समाजले जनाएको छ ।यसैगरी अन्तरविद्यालयस्तरीय लोकनृत्यमा प्रथम, द्धितीय, तृतीय र सान्त्वनालाई क्रमशः रु ४०, रु २५, रु १५ र रु पाँच हजार तथा उत्कृष्ट वेषभूषालाई रु पाँच हजार पुरस्कार प्रदान गरिने बताइएको छ । महोत्सव सम्पन्न गर्न रु ५४ लाख ८८ हजार खर्च लाग्ने अनुमान आयोजकको छ ।

महोत्सवबाट बचत रकम आकस्मिक सेवा तथा तीज महोत्सव सञ्चालन कोष वृद्धिका लागि थप गरिने अर्थ सङ्कलन उपसमिति संयोजक बुद्धिबहादुर खत्री क्षत्रीले बताउनुभयो । संस्थाले सर्वसाधारणको सेवामा लामो समयदेखि एम्बुलेन्स तथा शवबाहन सञ्चालन गर्दै आएको छ । कार्यक्रममा पोखरा- १६ का वडाध्यक्ष अमृत शर्मा तिमिल्सिना र वडा १९ का वडाध्यक्ष पुष्पेन्द्र पाण्डेले लामाचौर महोत्सवकै कारण यस क्षेत्रको चिनारी अन्तर्राष्ट्रियस्तरमा पुगेको भन्दै वडाले पनि अपनत्व लिएको बताउनुभयो ।रासस

# भियतनामले अक्टोबरमा नयाँ राष्ट्रपति पाउनेः राष्ट्रिय सञ्चारमाध्यम

एएफपी

हनोई । भियतनामको राष्ट्रिय सभाले अक्टोबरमा देशको नयाँ राष्ट्रपति चयन गर्ने राष्ट्रिय सञ्चारमाध्यमले मङ्गलबार बताएको छ ।कम्युनिष्ट पार्टीको महासचिव शीर्ष पदमा रहने भियतनामको चार-स्तम्भ नेतृत्व संरचनामा राष्ट्रपति एक प्रमुख पद हो जसमा प्रधानमन्त्री र राष्ट्रिय सभाको प्रमुख पनि समावेश रहेका छन् ।

"राष्ट्रिय सभाले अक्टोबरमा आफ्नो नियमित सत्रमा राष्ट्रपतिको रिक्त पद पूर्ती गर्नेछ", राज्यद्वारा सञ्चालित भ्वाइस अफ भियतनामले मङ्गलबार राष्ट्रिय सभाको स्रोतलाई उद्धृत गर्दै जनएको हो । भियतनामका कम्युनिष्ट पार्टी, केन्द्रीय समितिका महासचिव गुयेन फु ट्रोङको मृत्युपछि वर्तमान राष्ट्रपति टू लामलाई यस महिना सत्तारुढ कम्युनिस्ट पार्टीको महासचिव नियुक्त गरेपछि राष्ट्रपतिको पद रिक्त भएको हो । सन् २०११ देखि कम्युनिस्ट पार्टी प्रमुख रहेका ट्रोङ अक्टोबर २०१८ देखि अप्रिल २०२१ सम्म आफैं राष्ट्रपतिको पद पनि सम्हाल्नुभएको थियो ।

स्थिरतमा जोड दिने एक-दलीय देश भियतनाममा राजनीतिक परिवर्तनहरू दशकौंसम्म सावधानीपूर्वक व्यवस्थित गरिएको थियो। तर "ब्लेजिङ फरनेश" भनिने एउटा प्रमुख भ्रष्टाचार विरोधी शुद्धीकरणले हालका वर्षहरूमा देशका केही शीर्ष नेताहरूसहित धेरै राजनीतिज्ञ र अधिकारीहरूलाई भ्रष्टाचार अभियोग लगाएपछि भियतनामले भर्खरै राजनीतिक उथलपुथल देख्न थालेको छ । भ्रष्टाचार आरोप लागेपछि सन् २०२१ देखि दुई राष्ट्रपति नुयन सुआन फुकले राष्ट्रपति भएको दुई वर्ष पनि नपुग्दै र उहाँका उत्तराधिकारी भो भान थुङले राष्ट्रपति भएको १४ महिनामै राजीनामा दिएका थिए ।

# अन्तर्राष्ट्रिय विद्यार्थी भर्ना सीमित गर्दै अष्ट्रेलिया सरकार

सिन्ह्वा

क्यानबेरा । अष्ट्रेलियाली सरकारले सन् २०२५ मा विश्वविद्यालय र व्यावसायिक शिक्षा प्रदायक माझ नयाँ अन्तर ाष्ट्रिय विद्यार्थी भर्ना दुईलाख ७० हजारमा सीमित गर्ने मङ्गलबार घोषणा गरेको छ ।

घोषणा अनुसार अष्ट्रेलियाले आगामी नयाँ वर्षमा सार्वजनिक वित्त पोषित विश्वविद्यालयमा एक लाख ४५ हजार व्यावसायिक शिक्षा र प्रशिक्षण (भिईटी) क्षेत्रमा ९५ हजार तथा अन्य विश्वविद्यालय र गैर-विश्वविद्यालय उच्च शिक्षा प्रदायकहरूमा ३० हजार अन्तर ाष्ट्रिय विद्यार्थीलाई अनुमति दिनेछ ।शिक्षा मन्त्री जेसन क्लेयरले विश्वविद्यालयलाई सन् २०१९ को तुलनामा १५ प्रतिशत बढी अन्तर्राष्ट्रिय विद्यार्थी भर्ना गर्न अनुमति दिइने तथा भिईटी प्रदायकका लागि २० प्रतिशतले



कटौती गरिने जनाउनु भएको छ।

उहाँले निर्धारित सीमाहरू, संसदले पारित गर्ने बताउदै अन्तर्राष्ट्रिय विद्यार्थीको संख्या सन् २०१९ को भन्दा सात हजारले कम र २०२३ को भन्दा ५३ हजार कम गर्ने जानकारी दिनु भएको छ । घोषणा अनुसार अन्तर्राष्ट्रिय विद्यार्थीको कोटा पुरा गर्न असफल हुने संस्थाहरूले रिक्त पदहरू अन्य संस्थानहरूमा स्थानान्तरण गर्न सक्छन् ।घोषणा शिक्षा प्रणालीलाई अझ प्रभावकारी र निष्पक्ष रूपमा स्थापना गर्ने पर्यत्नशील रहेकाले केही विश्वविद्यालयलाई मात्र नभई सम्पूर्ण क्षेत्रलाई लाभान्वित गर्ने क्लेयरले उल्लेख गर्नु भयो ।

यस अघि सत्तारुढ लेबर पार्टीले सन् २०२२-२३ मा अस्ट्रेलियाको कुल आप्रवासन स\u0970्या पाँच लाख २८ हजार बाट घटाएर सन् २०२४-२५ सम्ममा दुई लाख ६० हजार बनाउने रणनीतिसहित अन्तर ाष्ट्रिय विद्यार्थी संख्या सीमित गर्ने योजना घोषणा गरेको थियो ।गत जुलाईमा सरकारले अन्तर्राष्ट्रिय विद्यार्थी भिसा आवेदन शुल्क ७१० अस्ट्रेलियन डलर बाट दोब्बर बढाएर एक हजार ६०० अस्ट्रेलियन डलर बनाएको छ ।

गैरसरकारी संस्था युनिभर्सिटीज अस्ट्रेलियाका प्रमुख कार्यकारी ल्युक सिहीले अगस्टको सिनेट सुनुवाइमा विश्वविद्यालयको अरबौं डलर राजस्व खर्च गर्ने र १४ हजार रोजगारी जोखिममा पार्ने जनाउनु भएको थियो । उहाँले अन्तर्राष्ट्रिय विद्यार्थीले गत वर्ष अस्ट्रेलियाको कुल गार्हस्थ्य उत्पादनको आधाभन्दा बढी हिस्सा ओगटेको बताउदै लगभग उनीहरुले नै राष्ट्रलाई मन्दीबाट जोगाएको उल्लेख गर्नु भयो ।सरकारी तथ्याङ्कका अनुसार सन् २०२३ मा अष्ट्रेलियाको अर्थतन्त्रमा अन्तर्राष्ट्रिय शिक्षाको मूल्य ४७.८ बिलियन अस्ट्रेलियन डलर थियो ।

# जलवायु परिवर्तनविरुद्ध तत्काल आवश्यक कदम चाल्न राष्ट्रसङ्घ प्रमुखको आह्वान

एएनआई

नुकुआलोफा । टोङ्गाको नुकुआलोफामा आयोजित पत्रकार सम्मेलनमा संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले तीन हजार वर्षमा नदेखेको विश्वव्यापी समुद्री सतहमा अभूतपूर्व वृद्धिलाई उल्लेख गर्दै जलवायु परिवर्तनविरुद्ध तत्काल आवश्यक कदम चाल्न विश्व नेताहरूलाई आह्वान गर्नुभएको छ । मुख्यतया जीवाश्म ईन्धनको व्यापक प्रयोगले विश्वव्यापी तापक्रम साथसाथै समुद्री सतहको वृद्धि निम्त्याइरहेको संयुक्त राष्ट्र सङ्घले जनाएको छ ।

गुटेरेसले विश्व मौसम विज्ञान सङ्गठनको अध्ययन र संयुक्त राष्ट्र जलवायु कार्य टोलीको प्रतिवेदन विश्वव्यापी औसतभन्दा दोब्बरभन्दा बढी समुद्री सतह बढेको अनुभव गरेको छ । कम उचाइ र घना तटीय जनसंख्याका कारण असाधारण रूपमा कमजोर प्रशान्त टापुहरू गम्भीर जोखिमको सामना गरिरहेका छन् । महासचिवले विश्वव्यापी तापक्रममा २ डिग्री सेल्सियसको वृद्धिले प्रमुख हिमनदी तीव्र रुपमा पग्लिने र परिणामस्वरूप सहस्राब्दीहरूमा समुद्रको सतह २० मिटरसम्म बढ्न सक्ने चेतावनी दिनुभयो । हाल ३ डिग्री सेल्सियसको तापक्रम वृद्धितिर औंल्याउँदै भविष्यमा सोचे भन्दा विनाशकारी स्थितीको पुर्वानुमान गर्न सकिने राष्ट्र सङ्घले जनाएको छ ।

गुटेरेसले सन् २०३० सम्ममा



दुबैले बारम्बार गम्भीर समुद्री तातो छालहरू, अधिकतम समुद्री तापमान र बढ्दो तटीय बाढीका साथ समुद्री परिवर्तनहरू तीव्र हुँदै गएको सङ्केत गरेको बताउनुभयो । "प्रशान्त टापुका राष्ट्रहरू गम्भीर खतरामा छन्। दक्षिणपश्चिमी प्रशान्त महासागरमा सापेक्षिक समुद्री सतह विश्वव्यापी औसतभन्दा पनि बढी बढेको छ। यसले विश्वभरका तटीय क्षेत्रलाई खतरामा पार्दै हामी सबैका लागि बढ्दो समुद्री समस्या निम्त्याउनेछ । प्रशान्तलाई बचाउनु नै हामी आफु बाच्नु हो", गुटेरेसले भन्नुभयो ।

विशेष गरी दक्षिण पश्चिमी प्रशान्तले विगत ३० वर्षमा तापक्रम वृद्धिलाई १.५ डिग्री सेल्सियसमा सीमित राख्नुपर्ने र उत्सर्जनमा ४३ प्रतिशतले कमी ल्याउनुपर्ने बताउनुभयो । उहाँले सन् २०२५ सम्ममा अद्यावधिक जलवायु कार्य योजना पेश गर्न सरोकारवालालाई निर्देशन दिनुभएको छ । साथै उहाँले नवीकरणीय ऊर्जालाई बढावा दिँदै जीवाश्म ईन्धनको युग अन्त्य गर्न आग्रह गर्नुभएको छ । उहाँले आर्थिक रुपमा कमजोर मुलुकका लागि सहयोग बढाउन आह्वान गर्दै धनी मुलुकलाई आफ्नो जलवायु वित्त प्रतिबद्धता पूरा गर्न आग्रह गर्नुभयो ।

# गाजाको अवस्था दयनीय छ : यएनआरडब्लु

क्युएनए

न्यूयोर्क । प्यालेस्टीनी शरणार्थीका लागि संयुक्त राष्ट्रसङ्घीय राहत र कार्य एजेन्सी ९युएनआरडब्लुए० का अधिकारीहरूले गाजाको अवस्था "विनाशकारी" भएको जनाएका छन् । यसै क्रममा उनीहरुले र विगत दुई हप्तामा गाजामा जारी थप निकासी आदेशको बिचमा मानिसहरूलाई सीमित गरिएको ठाउँ "धेरै सानो" र साँगुरो भएको पनि दोहोर्याएका छन् ।

न्युयोर्कस्थित राष्ट्रसङ्घको मुख्यालयमा गाजाका युएनआरडब्लुएका प्रवक्ता लुइस वार्टरिज र युएनआरडब्लुएका प्रथम उपक्षेत्र निर्देशक विसम रोजले भिडियो मार्फत पत्रकारलाई यस्तो जानकारी दिनुभएको हो । यसै क्रममा वार्टरिजले हरेक दिन लाखौँ मानिसहरू सुरक्षित आश्रयको खोजीमा एक ठाउँबाट अर्को ठाउँमा सर्न बाध्य भइरहेको बताउनुभयो । उहाँका अनुसार निकासी आदेश पछि गाजामा मानिसहरुले आफ्नो सामान सार्दै छन् ,अधिकांश मानिसहरूलाई



जबरजस्ती सारिएको छ भने विस्थापीतका लागि सवारी साधनको सीमित पहुँच छ र उनीहरुलाई कहाँ जाने भन्ने पनि थाहा छैन ।

उहाँले खान युनूस र अल-मवासीमा इजरायलले घोषणा गरेको मानवीय क्षेत्रमा, बलौटे जमिनमा भीडभाड रहेको बताउदै सुरक्षित क्षेत्र भनिएको यस क्षेत्रमा पनि सुरक्षित नरहेकोले मानिसलाई ज्यान जोगाउन सुरक्षित ठाउँ नभएको बताउनु भएको छ । युएनआरडब्लुएका प्रथम उपक्षेत्र निर्देशकले हालैको निकासी आदेशले इजरायलको मानवीय क्षेत्रलाई सम्पूर्ण गाजा पट्टीको ११ प्रतिशतमा मात्र कायम गरेको बताउनु भयो ।

जहाँ मानिसहरू भेला भई बाँच्नका लागि प्रयास गर्ने बताउदै उनीहरु कयौँ बाध्यताको बीच "असम्भव विकल्पहरू" सामना गर्ने गरेको जानकारी उहाँले दिनु भयो । उहाँले यस क्षेत्रमा पोलियो फैलिन सक्ने चेतावनी दिँदै कुपोषित बालबालिकामा विनाशकारी स्वास्थ्य क्षेत्र, दुषित पानी र सरसफाइको अवस्थाले उनीहरूको प्रतिरक्षा प्रणाली कमजोर भएको उल्लेख गर्नुभयो ।

# नेप्से परिसूचकमा निरन्तर गिरावट




काठमाण्डु । यो सातामा कारोबारको दोस्रो दिन पनि पुँजीबजारमा उच्च अङ्कको गिरावट देखिएको छ। आइतबार ७९ दशमलव ८८ अङ्कले घटेको नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक मंगलबार एक सय ११ दशमलव ९६ अङ्कले घटेर दुई हजार सात सय ८२ दशमलव ६० को बिन्दुमा कायम भएको छ।

मंगलबार नेप्से परिसूचक तीन दशमलव ८६ प्रतिशतले घटेको हो। मंगलबार तीन सय ३० कम्पनीको चार करोड ३८ लाख ६८ हजार नौ सय ७० कित्ता शेयर दुई लाख ३४ हजार तीन सय ६० पटक खरिदबिक्री हुँदा रु १८ अर्ब ६४ करोड ९५ लाख ३३ हजार एक सय ७० बराबरको कारोबार भएको नेप्सेले जनाएको छ।

होटल तथा पर्यटन समूह शून्य दशमलव ४३ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ। सबैभन्दा धैरै बैंकिङ चार दशमलव ९२, विकास बैंक चार दशमलव १८, वित्त चार दशमलव ६९ र लगानी समूह चार दशमलव १३ प्रतिशतले घटेको छ। त्यस्तै, जलविद्युत् तीन दशमलव ९६, जीवन बीमा तीन दशमलव ६५, उत्पादन तथा प्रशोधन दुई दशमलव ९३, लघुवित्त दुई दशमलव ९६, म्युचुअल फन्ड एक दशमलव ०९, निर्जीवन बीमा दुई दशमलव ४५, व्यापार दुई दशमलव १६ र अन्य समूह तीन दशमलव ८५ प्रतिशतले घटेको छ।

तारागाउँ रिजेन्सी होटल लिमिटेड, आत्मनिर्भर लघुवित्त वित्तीय संस्था लिमिटेड र दोल्ति पावर कम्पनीको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने नेपाल फाइनान्स लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ। कारोबार रकमका आधारमा मंगलबार सबैभन्दा धैरै हिमालयन रिइन्स्योरेन्स लिमिटेडको रु ६५ करोड ४२ लाख नौ हजार पाँच सय ८२ बराबरको कारोबार भएको छ। कारोबार भएका शेयर संख्याका आधारमा भने अपि पावर कम्पनी लिमिटेडको १४ लाख ५९ हजार चार सय ५० बराबरको कारोबार भएको छ।रासस

# बागमती प्रदेशमा राजस्व सङ्कलन नौ अर्ब घट्यो

बागमती। बागमती प्रदेशमा आर्थिक वर्ष २०८०/८१ मा लक्ष्यभन्दा रु नौ अर्ब कम राजस्व सङ्कलन भएको छ।

बागमती प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालयका अनुसार आव २०८०/८१ मा लक्ष्यभन्दा रु नौ अर्ब तीन करोड ३१ लाख २७ कम राजस्व सङ्कलन भएको हो। प्रदेश सरकारले आव २०८०/८१ मा राजस्व बाँडफाँट शिर्षकबाट प्राप्त राजस्व, र्प्रदेश सरकारको आन्तरिक स्रोतबाट सङ्कलित राजस्व र सङ्घीय सरकारबाट प्राप्त अनुदान समेतबाट रु. ४८ अर्ब २५ करोड ४३ लाख ७५ हजार राजस्व सङ्कलन हुने अनुमान गरिएकोमा तीन सबै शीर्षकबाट रु ३९ अर्ब २२ करोड १२ लाख ४७ हजार मात्र राजस्व सङ्कलन भएको आर्थिक मामिला तथा योजना मन्त्रालयका सूचना अधिकारी सुरज पौडेलले जानकारी दिनुभयो।




उहाँका अनुसार प्रदेश सरकारले सो आवमा राजस्व बाँडफाँटबाट रु २६ अर्ब ६८ करोड ६८ लाख ४० हजार राजस्व सङ्कलन हुने लक्ष्य लिएकोमा त्यसको ८१ दशमलव ८५ प्रतिशत अर्थात रु २१ अर्ब ८४ करोड २२ लाख मात्र राजस्व सङ्कलन भएको छ। यस्तै प्रदेश सरकारको आन्तरिक स्रोतबाट रु तीन अर्ब ७५ करोड ५२ लाख ३५ हजार राजस्व सङ्कलनको लक्ष्य रहेकोमा लक्ष्यको ९७ दशमलव ५२ प्रतिशत अर्थात रु तीन अर्ब ६६ करोड २० लाख २० हजार राजस्व मात्र सङ्कलन भएको सूचना अधिकारी पौडेलले बताउनुभयो। सङ्घीय सरकारबाट रु १७ अर्ब ८१ करोड २३ लाख अनुदान प्राप्त हुने अनुमान गरिएकोमा त्यसको ७७ दशमलव ०१ प्रतिशत अर्थात रु १३ अर्ब ७१ करोड ७० लाख २६ हजार अनुदान प्राप्त भएको उहाँको भनाइ छ।

गत आव २०७९/८० मा पनि बागमती प्रदेश सरकारले अनुमान गरेको भन्दा १७ प्रतिशत कम राजस्व सङ्कलन भएको थियो। प्रदेश सरकारले आव २०७९/८० मा रु ५५ अर्ब ३१ करोड राजस्व सङ्कलनको अनुमान गरेकोमा रु ४५ अर्ब ८८ करोड राजस्व सङ्कलन गरेको थियो। प्रदेश सरकारले आव २०७९/८० मा विभिन्न आयस्रोत र गत वर्षको नगद मौज्दातसहित रु ६२ अर्ब ७० करोड ९० लाख ७८ हजार प्राप्त हुने अनुमान गरिएकोमा त्यसको १०५ दशमलव ४५ प्रतिशत अर्थात रु ६६ अर्ब १२ करोड ६९ लाख २० हजार प्राप्त भएको बागमती प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय हेटौँडाका प्रमुख हरिप्रसाद उपाध्यायले बताउनुभयो।

प्रदेश सरकारले आव २०७९/८० मा विभिन्न आयस्रोत र गत वर्षको नगद मौज्दातसहित ७० अर्ब ९३ करोड प्राप्त हुने अनुमान गरेकोमा रु ७७ अर्ब ८२ करोड सङ्कलन गरेको थियो। सङ्घीय र स्थानीय तहबाट बाँडफाँट हुने मूल्य अभिवृद्धि कर, आय कर, प्राकृतिक स्रोत उत्खनन दस्तुर, मालपोत लगायतका राजस्व सङ्कलनमा आएको कमी र आर्थिक मन्दीका कारण सङ्घीय सरकारले केही कार्यक्रम कटौती गर्नु जस्ता कारणले राजस्वमा कमी आएको प्रमुख उपाध्यायको कथन छ।रासस

# गाई दुहुने मेसिन पाएपछि किसान खुसी

इनरुवा। इनरुवाका गाईपालक किसान अनिल यादवको कृषि फर्ममा १० वटाभन्दा बढी गाई छन्। विगतमा उहाँलाई ती गाई दुहुन निकै समस्या थियो। "एकै गाई दुहुन २० मिनेटभन्दा बढी समय लाग्थ्यो। सरसफाइको विषयमा उपभोक्ताहरूले पनि प्रश्न गर्थे तर अचेल भने केही सहज हुँदैछ", उहाँले भन्नुभयो।

स्थानीय इनरवा नगरपालिकाले गाईपालन गर्ने किसानलाई छनोट गरिएको थियो। हातले दुहुदा ढिलो हुने र सरसफाइलगायत समस्या हुने गरेको गुनासोपछि पहिलो पटक व्यावसायिक किसानलाई मेसिन दिएका हौँ", उहाँले भन्नुभयो। नगर पशु शाखा प्रमुख डा राजकुमार यादवले समय लागत घटाउने, सजिलै गरी बढी र सफा दूधसमेत दुहुन मेसिनबाट सहयोग पुग्ने बताउनुभयो।



अन्य दुई जनासहित उहाँलाई पनि गाई दुहुने मेसिन प्रदान गरपछि सहज भएको हो। नगरपालिकाले नगर क्षेत्रभित्रमा रहेका तीनजना व्यावसायिक पशुपालक किसानलाई केही दिनअघि मेसिन प्रदान गरिएको जनाएको छ।

नगरपालिका प्रमुख केदार भण्डारीले गाई फार्म व्यवस्थित गर्न र दूध उत्पादन बढाउने उद्देश्यअन्तर्गत ५० प्रतिशत अनुदानमा मेसिन सहयोग गरिएको जानकारी दिनुभयो। "गोठ तथा फार्ममा १० भन्दा बढी

मेसिन प्राप्त भएपछि गाई दुहुन सहज भएको स्थानीय किसान राजेश्वर यादवले बताउनुभयो। मेसिन पाएपछि विगतमा गाई दुहुदा भोगेका समस्या समाधान गर्न सहज भएको उहाँ खुसी हुनुहुन्छ। "केही दिनअघि मात्रै मेसिन पाएका छौँ। पहिले एउटा गाई दुहुन कम्तिमा २० मिनेट समय लाग्थ्यो, त्यसमा केही सहज भएको छ। गाई दुहुन लाग्ने समय बचत भएपछि थप अरु काम गर्न सहज हुने अपेक्षा छ", कृषक यादवले भन्नुभयो। रासस

# हिले–जलजले पर्यटकीय ताल निर्माण अन्तिम चरणमा

काभ्रेपलाञ्चोकाकाभ्रेपलाञ्चोकको बनेपा नगरपालिका-२ स्थित हिले जलजले सामुदायिक वन क्षेत्रमा 'पर्यटकीय ताल' निर्माण अन्तिम चरणमा पुगेको छ। उक्त वन क्षेत्रलाई पर्यटकीय गन्तव्य बनाउने उद्देश्यले बागमती प्रदेशको खानेपानी, सिँचाइ तथा ऊर्जा मन्त्रालयअन्तर्गतको जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालयद्वारा विसं २०७९ मङ्सिरमा ताल निर्माण सुरु गरिएको थियो।

काभ्रेपलाञ्चोक र भक्तपुरको सीमास्थलस्थित पर्यटकीय क्षेत्र नगरकोट पुग्ने पर्यटकलाई आकर्षित गर्ने उद्देश्यले वनमा ताल निर्माण गर्न थालिएको जनाइएको छ। शून्य दशमलव ४९ हेक्टर क्षेत्रफलमा बन्न लागेको तालमा ८२ प्रतिशत काम सम्पन्न भएको निर्माण कम्पनीले जनाएको छ। चालु आर्थिक वर्षको मङ्सिर महिनाभित्र निर्माण सक्नेगरी काम भइरहेको निर्माण कम्पनी विजय-लोटस-तेजस्वी जेभीका गणेश मोक्तानले बताउनुभयो। "अविरल वर्षाका करण केही दिनबाहेक काम भइरहेको छ, निर्धारित समयमै काम सक्ने लक्ष्य लिएका छौँ", उहाँले भन्नुभयो,"निर्माणाधीन तालको हाल भुइँमा ढलान तथा ताल वरपर पर्खाल लगाउने काम सकिएको छ भने 'फिनिसिङ' गरी तालमा पानी थुन्ने काम बाँकी छ।"



ओखरे र थुम्की खोला मिसिएर बग्ने स्युरो खोलामा तालको बाँध बाँधिएको छ। तल निर्माणका लागि रु पाँच करोड ८९ लाख ५१ हजारमा ठेक्का सम्झौता भएको थियो। तालसहितका अन्य संरचना निर्माण गर्न रु १६ करोड ९४ लाख ५० हजार लाग्ने अनुमान गरिएको छ। निर्माणाधीन पर्यटकीय ताल आठ मिटर अग्लो, ११ मिटर चौडाइ र एक सय ८२ मिटर लम्ब्याइएको रहेको छ।

ताल निर्माणका लागि डिभिजन वन कार्यालय धुलिखेलले वन क्षेत्रको एक सय २९ रूख कटानको स्वीकृति दिएपछि ताल निर्माण थालिएको थियो। यस्तै, त्यसअघि प्रदेशको संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयले उक्त वनमा बहुउद्देश्यीय ताल निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) निर्माण गरेको थियो। डिपिआरमा तालमा डुङ्गा सञ्चालन तथा आसपासका क्षेत्रमा मनोरञ्जन पार्क, पर्खाल, उद्यानका साथै प्राकृतिक सौन्दर्यीकरणका काम हुने जनाइएको छ।

यस्तै, तालमा परिसरमा चराचुरुङ्गी र वन्यजन्तुसमेतको संरक्षण गर्नेगरी योजना बनाइने र ताल क्षेत्र वरपरका रूखमा 'ट्री हाउस, ट्री सेन्टर' निर्माण गरी आन्तरिक तथा बाह्य पर्यटकको बसाइ लम्ब्याउने संरचना निर्माण गर्न सकिने जनाइएको छ। दोस्रो चरणमा पार्किङ, होटल तथा पसल सञ्चालनका लागि संरचना, टिकट घरलगायत अन्य पूर्वाधार निर्माण गरिनेसमेत गुरुयोजनामा उल्लेख गरिएको छ। ताल निर्माण सम्पन्न गरिएपछि सङ्घीय राजधानी काठमाडौँ नजिकको एक पर्यटकीय गन्तव्य तथा धार्मिक, सांस्कृतिक र पर्यटकीय हिसाबले स्थानीयको आर्थिक समृद्धिसँग जोड्ने अपेक्षा गरिएको छ। जिल्लाको उत्तरी पहाडी क्षेत्रमा अवस्थित वनको प्राकृतिक सौन्दर्यलाई कायमै राखी ताल निर्माणका लागि स्थानीय तहलाई तत्कालीन अवस्थामा गुरुयोजना तयार गर्न लगाएको र हाल बहुउद्देश्यीय परियोजनाका रुपमा क्रमागत विकास अगाडि बढाइएको यहाँबाट निर्वाचित प्रतिनिधिसभा सांसद गोकुल बाँस्कोटाले बताउनुभयो। उहाँकानुसार बनेपाको वासुकी क्षेत्र र हिले-जलजलेलाई पर्यटकीय तथा समृद्धिको आधार बनाउन संरचना निर्माण गर्न लागिएको हो।

सानो पोखरीमा अवस्थित हिले-जलजलेको छुट्टै धार्मिक तथा सांस्कृतिक महत्व रहेको छ। नगरकोटस्थित महादेव पोखरी र यस ताल क्षेत्रमा 'हलाहल विष पिएर आएका महादेव' चोपलिएको किंवदन्ती छ। यस्तै, वासुकी नाग हिले-जलजले क्षेत्रबाट पनौतीको मकर मेलाका लागि जाने विश्वास छ। हरेक वर्ष घुम पूर्णिमा (ज्याःपुन्ही)को दिन पनौतीमा लाग्ने जात्रामा हिले-जलजले क्षेत्रबाट वासुकी नाग जाने क्रममा पानी पर्ने र हावाहुरी चल्ने गर्दछ।वासुकी नाग जाँदा हावाहुरीबाट लडेको मकै तथा अन्य खाद्यबाली नाग फर्कंदा पहिलाकै अवस्थामा आउने किंवदन्ती पनि रहेको पाइन्छ। वासुकी नागले पनौतीको भ्रमण गरेको स्मरणमा पूजाअर्चना गर्दा 'मागेको पुग्ने' विश्वास गर्दै आइएको छ।रासस

# पचास प्रतिशत अनुदानमा किसानलाई कृषियन्त्र

गोदावरी।कृषि ज्ञान केन्दले व्यावसायिक कृषि प्रवर्द्धन गर्ने उद्देश्यले ५० प्रतिशत अनुदानमा किसानलाई कृषियन्त्र वितरण गरेको छ।

केन्द्रले गत आव २०८०/८१ मा जिल्लामा रहेका एक सय ६० किसानलाई कृषियन्त्र वितरण गरेको हो। कृषि यान्त्रिकरण, प्रविधिको प्रयोग गरी जीविकोपार्जन मात्र नभइ व्यावसायिक कृषि प्रवर्द् धन गर्ने उद्देश्यले जिलाका किसानलाई कृषियन्त्र वितरण गरिएको कृषि ज्ञान केन्द्रका सूचना अधिकारी श्याम जोशीले बताउनुभयो।

ज्ञान केन्द्रले ५० प्रतिशत अनुदानमा एक सय ६० किसानलाई कृषियन्त्र वितरण गरिएको उहाँले बताउनुभयो। गत आर्थिक वर्षमा मिनी ट्रेलर ४८, मोटर ६८, रिपर २६, हैरो १२, कल्टीभेटर दुई, बताउने पत्त । दुई र भ्याज ह्वील दुई किसानलाई कृषियन्त्र वितरण गरिएको सूचना अधिकारी जोशीले बताउनुभयो।



सो कार्यक्रमका लागि गत आवमा रु ५० लाख बजेट विनियोजन गरिएकामा रु ४४ लाखका कृषियन्त्र खरिद गरी किसानलाई वितरण गरिएको जोशीले जानकारी दिनुभयो। किसानलाई वितरण गरेको कृषियन्त्रले खेती गर्न सहयोग पुग्ने उहाँले विश्वास व्यक्त गर्नुभयो। अनुदानमा कृषियन्त्र पाएपछि खेती गर्न किसानलाई निकै सहज र सरल हुनुका साथै कम समयमा बढी उत्पादन लिन सकिने र आधुनिक कृषियन्त्रको सहाराले कृषिमा परिवर्तन आउने उहाँको भनाइ छ।

अनुदानका कार्यक्रमले धान, गहुँ, तरकारीको क्षेत्रफल बढ्नुका साथै उत्पादनमा समेत वृद्धि भइरहेको ज्ञान केन्द्रको तथ्याङ्कले देखाएको छ। ज्ञान केन्द्रले किसानलाई कृषि गर्ने सीपसहित प्रविधि, प्राविधिकको उपलब्धता गराउँदै आएको छ। अनुदान पाउनका लागि निवेदन दिएका किसानमध्ये अनुगमन गरी ५० प्रतिशत अनुदान पाउने किसानलाई छनोट गरेर कृषियन्त्र उपलब्ध गराइएको ज्ञान केन्द्रले जनाएको छ।

ज्ञान केन्दले जिल्लामा किसानको मागका आधारमा परम्परागत खेतीलाई व्यावसायिक बनाउने गरी अनुदानका कार्यक्रम सञ्चालन गरेको जनाएको छ। कृषिको व्यावसायिक खेतीका लागि समूह र सहकारीमा आबद्ध किसानलाई अनुदानका कार्यक्रममा समावेश गरिएको ज्ञान केन्दले जनाएको छ।

ज्ञान केन्दले बृहत विशेष कृषि विकास कार्यक्रमअन्तर्गत आलु प्रवर्द्धन कार्यक्रम, रैथाने बाली संरक्षण, बेमौसमी तरकारीखेती, च्याउखेती, चैते धान लगायतका अन्य कृषि कार्यक्रम सञ्चालन गर्दै जनाएको छ।रासस

# कफी र सुन्तलाका लागि क्षेत्र विस्तार

गुल्मी। गुल्मीमा कफी, सुन्तला, मकै र बाख्रापालन कार्यक्रमका लागि क्षेत्र विस्तार गरिएको छ। प्रधानमन्त्री तथा कृषि आधुनिकिकरण परियोजना कार्यान्वयनको आयोजनामा जिल्लाका १२ स्थानीय तहअन्तर्गतका विभिन्न वडामा क्षेत्र विस्तार गरिएको हो।



परियोजनाद्वारा जोन तथा सुपर जोन कार्यक्रम अन्तर्गत ३२ वडामा क्षेत्र विस्तार गरिएको जिल्लास्थित प्रधानमन्त्री तथा कृषि आधुनिकिकरण परियोजना प्रमुख गङ्गा पोखेलले जानकारी दिनुभयो। परियोजनाद्वारा जिल्लाको चन्द्रकोट गाउँपालिका-२, ३ र ४, कालीगण्डकी-१ र ४, सत्यवती-८, छत्रकोट-१ र २, रुरुक्षेत्र-४, गुल्मीदरबार गाउँपालिका-१, रेसुङ्गा नगरपालिका-१४ मा सुन्तलाका क्षेत्र विस्तार गरिएको हो।

त्यसैगरी कफी सुपर जोनका लागि कालीगण्डकी-३ र ४ र चन्द्रकोट-६ का तीन वडामा कफीको क्षेत्र विस्तार गरिएको छ। बाख्रा जोन कार्यक्रमअन्तर्गत मालिका-५ र ८, मदाने-४ र ७, इस्मा-१ र ३ तथा धुर्कोट-४ र ५ मा क्षेत्र विस्तार गरिएको छ। यसैगरि मकै जोन कार्यक्रमअन्तर्गत मुसिकोट नगरपालिका-२, ३ र ४, चन्द्रकोट-४, छत्रकोट-३ र ५, गुल्मीदरबार-३ र ४ मा मकैको क्षेत्र विस्तार गरिएको छ। जिल्ला परियोजना कार्यान्वयन एवं समन्वय तथा अनुगमन समितिको सिफारिसमा परियोजना व्यवस्थापन इकाई खुमलटारले क्षेत्र विस्तारका स्वीकृति प्रदान गरेको थियो।

अनुगमन समितिले स्थानीय तहको सिफारिस, प्राविधिक कार्यदलको अध्ययन प्रतिवेदन र परियोजनाबाट अवसर नपाएका व्यक्ति लगायतका मापदण्डलाई क्षेत्र विस्तारका लागि छनोटको मुख्य आधार बनाएको हो। तिनै मापदण्डका आधारलाई टेकेर क्षेत्र विस्तार गरिएको अनुगमन समितिका संयोजक एवं जिल्ला समन्वय समिति गुल्मीका प्रमुख दोर्णबहादुर खत्रीले बताउनुभयो। परियोजनाद्वारा जिल्लाको १२ स्थानीय तहमध्ये मकै जोन कार्यक्रममा १८, बाख्रा जोनमा १०, कफी सुपर जोनमा ४२ र सुन्तला जात फलफूलमा २४ वडामा कार्यक्रम सञ्चालन गरिँदै आएको छ।रासस

# बजेट अभावले अस्पताल निर्माण अधुरै

ढोरपाटन। बागलुङमा दुई पालिकास्तरीय अस्पताल अलपत्र परेका छन्। जिल्लाको ढोरपाटन नगरपालिका-९ ढोरपाटन खापाथरमा निर्माणाधीन १० शय्याको नगर अस्पताल र निसीखोला गाउँपालिका-४ भिम्पामा बन्दै गरेको १० शय्याको आधारभूत अस्पताल अलपत्र परेका हुन्।

ढोरपाटनको नगर अस्पतालभन्दा निसीखोलाको आधारभूत अस्पताल एक वर्ष पहिला निर्माण सुरु गरिएको थियो। आधार भूत अस्पताल निर्माणका लागि विसं २०७८ माघ २० गते सम्झौता भएर काम सुरु भएको थियो। नगर अस्पताल विसं २०७९ असार २४ गतेदेखि निर्माण थालिएको थियो।

विसं २०८० पुसमा सम्पन्न गर्नेगरी निर्माण सुरु भएको आधारभूत अस्पताल हालसम्म ८५ प्रतिशत मात्रै काम सकिएको निर्माणको जिम्मा पाएको हिन्दुङ एसी आइएस जेबी कन्स्ट्रक्सनका प्रमुख दीपककुमार अदैले जनाकारी दिनुभयो। गाउँपालिकाले रु १० करोड ९४ लाखको लागत अनुमान गरेकामा निर्माण कम्पनीले रु आठ करोड २४ लाखमा जिम्मा लिएको थियो। पछिल्लो दुई वर्ष बजेट नपरेपछि काम रोकिएको अदै बताउनुहुन्छ। यस अस्पतालको हालसम्म ८५ प्रतिशत काम सकिएको र अझै रु एक करोड ७० लाख बजेट अपुग भएको उहाँको भनाइ छ।



निसीखोला आधारभूत अस्पताल निर्माणका लागि चार वर्षअगाडि गाउँपालिकाले सात रोपनी दुई आना जग्गा निःशुल्क व्यवस्थापन गरेको थियो। ढोरपाटन नगर अस्पतालको काम सोही निर्माण कम्पनीले जिम्मा पाएको थियो। नगर अस्पतालमा बजेट नआउँदा गत सालदेखि नै काम ठप्प भएको छ। निर्माण कम्पनीले गत वर्ष भदौमै नगरपालिकामा रु छ करोड ६१ लाखको बिल बुझाए पनि अहिलेसम्म रकम नआउँदा काम गर्न नसकेको अदै बताउनुहुन्छ।

अस्पातलको भवन निर्माणका लागि रु १२ करोड ९६ लाखमा जिम्मा लिएको अदैको भनाइ छ। काम गर्नुभन्दा पहिले सुरुमा पेस्की रकम रु दुई करोड ४६ लाख मात्रै आएको उहाँले बताउनुभयो। भौगोलिक हिसाबले ढोरपाटन टाढा र सडक पनि निकै साँघुरो तथा अप्ठ्यारो हुँदा ढुवानी र कामदारका लागि बढी खर्च भएको अदै बताउनुहुन्छ। विसं २०८२ असार २३ सम्ममा निर्माण सक्नुपर्ने अस्पताल भवन करिब आधा सकिँदा पनि काम अनुसारको भुक्तानी नभएको गुनासो उहाँले गर्नुभयो। अहिले बजेट नै नपरेको उहाँको भनाइ छ।

उहाँले भन्नुभयो, "नगर अस्पताल निर्माणको जिम्मा त पायौँ तर काम गरेको रकम पाउन सकेनौँ, करोडौँ रकम अहिलेसम्म पाउन सकिएको छैन, यस वर्ष बजेट पनि नपरेको हुँदा अस्पताल अलपत्र जस्तै भएको छ, पोहोर साल भदौ दोस्रो सात नै नगरपालिकामा लगेर बिल बुझाएको थिए, अहिलेसम्म भुक्तानी पाउन सकेका छैनौँ, निसीखोलाको भुक्तानी पायौँ अब 'फिनिसिङ'को काम बाँकी थियो, तर बजेट नै आएन, बजेट नभएपछि कसरी काम गर्न सकिन्छ ?"

ढोरपाटनका उपप्रमुख धनबहादुर कायतले नगरपालिकाको बजेटले अस्पताल निर्माण गर्न नसक्ने हुँदा अर्थ र स्वास्थ्य मन्त्रालयमा बजेट व्यवस्थानका लागि पत्र पठाएको बताउनुभयो। उहाँले निर्माण कम्पनीलाई काम गरेकै रु छ करोड बढी रकम भुक्तानी गर्न बाँकी रहेको भन्दै त्योसहित थप बजेट केन्द्र सरकारले व्यवस्थापन नगरेसम्म काम अगाडि बढ्ने स्थिति नरहेको बताउनुभयो।रासस



जनकपुर रेलवे स्टेशनमा धुमधामसाथ कृष्णाष्टमी मनाईंदै छ। फोटो : टुडे

# मधेशको वन सिध्याउने प्रपञ्च



**टुडे समाचारदाता**

जनकपुरधाम । तस्करका कारण मधेशको वन रित्तिन थालेको छ । मधेश प्रदेश सरकारलगायत विभिन्न सरोकारवालले वृक्षरोपणका नाममा अभियान संचालन गरेको देखिए पनि विभिन्न जिल्लामा वनहरु रित्तिने क्रम बद्धदै गएको देखिन्छ ।

सरकारको तथ्यांक अनुसार वन क्षेत्र बढिरहेको देखाए पनि भारतसँग सीमा जोडिएका तराई-मधेशका जिल्लामा रूख कटान र तस्करी निकै मौलाएको छ ।

गत जेठ ७ र ८ गते पर्साको गादीमाई साझेदारी वन पुग्दा ३० भन्दा बढी रूख कटान गरिएको स्थितिमा थियो भने कतिपयका ठूटा मात्रै फेला परेको थियो । काटिएकामा अधिकांश सिसौ, खयर र सखुवाका रुखहरु छन् । झण्डै चार हजार १५० हेक्टर क्षेत्रफलमा रहेको सो वनमा करिब २५ प्रतिशत सिसौ-खयर र ५० प्रतिशत सखुवाको रुखले ओगटेका छन् । पछिल्ला दिन ती रूख व्यापक मात्रामा कटान गरी तस्करी हुने गरेका छन् ।

गादीमाई साझेदारी वन अन्तर्गत सबैभन्दा धेरै रूख सोनवर्षामा छ भने त्यसपछि कोइलाभार विन्दवासिनीमा काटिएका छन् । ग्लोबल ल्यान्ड एनालाइसिसले समेत गादीमाई वन क्षेत्रमा अत्यधिक फँडानी भएको देखाएको छ ।

गादीमाई वन व्यवस्थापन समितिका अध्यक्ष सहरूम गदी सोनवर्षा र कोइलाभार विन्दवासिनी क्षेत्र तस्करले सखाप पार्न लागे पनि वनका कर्मचारी अनुगमनमै नजाने गरेको गुनासो गरे ।

प्रदेश वन निर्देशनालय धनुषाका अधिकृत शिवशंकर झा गादीमाई वन क्षेत्रको कटान आफूहरूको जानकारीमै नरहेको बताए । डिभिजन वन कार्यालय पर्साको वार्षिक प्रतिवेदनमा पनि सो वनको काठ चोरी-निकासी हुने गरेको उल्लेख छ । पर्सामा गादीमाई, विन्दवासिनी बढनिहार र सबैया गरी तीन वटा साझेदारी वन पर्छन् । बढनिहार र सबैयामा पनि रूख कटान जारी नै छ । तीनै वनको काठ मनवा, सिद्धिपुर, बढनिहार फेन्टी खोला, करजनिया खोला, बढनिहा बजारबाट उत्तरका नाकाहरूबाट चोरी-निकासी हुने गरेको डिभिजन वनको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

सर्लाहीकै बासिन्दा रहेका साझेदारी वन उपभोक्ता महासंघका केन्द्रीय सदस्य रजनीकान्त झाले वनमाफिया र परियोजनाका कर्मचारीकै मिलेमतोमा सागरनाथ वन अतिक्रमण भएको बताए । परियोजना अन्तर्गत पर्ने सर्लाहीको सागरनाथ, हातीलेट र मूर्तियाका वनमा ठूलो परिमाणमा खयर र साल काटिएका छन् । सो परियोजनामा सखुवा, सिसौ, मसला जस्ता छिटो हुर्कने बिरुवा रोपेर काठ उत्पादन बढाउने उद्देश्यले २०३५ सालमा शुरू गरिएको छ ।

सरकारी तथ्यांकमा बढेको देखाइए पनि मधेशको वन पहिलेको तुलनामा करिब ५० प्रतिशतले घटेको उनको भनाइ छ ।

वनविज्ञ नागेन्द्रप्रसाद यादवले २०७३ असार १८ मा प्रस्तुत गरेको एक कार्यपत्रले त्यस वेला तराईमा वन विनाशदर ०.९६ प्रतिशत रहेको र प्रतिवर्ष करीब सात हजार १०० विघाका दरले मासिँदै गएको टिप्पणी गरे ।

प्रदेश वन निर्देशनालय धनुषाले आर्थिक वर्ष ०७९/०८० सम्म जिल्ला अदालतमा वन पैदावार सम्बन्धी कुल ९३१ वटा मुद्दा दायर भएको जनाएको छ । सोक्रममा वन पैदावार कटान र तस्करीमा संलग्न ५२३ जना पक्राउ परेका छन् । यीमध्ये २९ जना विरुद्ध मुद्दा दायर गरिएको छ । सबैभन्दा बढी काठ कटान र तस्करी बारा, पर्सा र रौतहटमा हुने गरेको निर्देशनालयले जनाएको छ ।

निर्देशनालयको तथ्यांकले रौतहटमा पछिल्ला वर्ष अवैध रूपमा काटिएको काठ बरामद हुने दर बढिरहेको देखाउँछ । सो आर्थिक वर्ष ०७५/०७६ मा १८४ क्युफिट काठ बरामद भएकोमा आर्थिक वर्ष ०८०/०८१ मा बढेर ८७४.५२ क्युफिट पुगेको छ ।

यता पर्साको गादीमाई साझेदारी वन संरक्षण तथा अनुगमनको जिम्मा रंगपुर सबडिभिजन र वसन्तपुर सबडिभिजन मातहत पर्छ । तर यी कार्यालयले स्थानीयस्तरमा भइरहेको फँडानी र तस्करी रोक्न चासो देखाउने गरेको छैन ।

समिति अध्यक्ष सहरूम गदी आफूहरूले वनबाट दैनिक ३०० क्युफिटसम्म काठ बरामद गर्ने गरेको बताउँछन्। उनका अनुसार समितिले केही समयअघि एक हजार ३०० क्युफिट काठ सहित तस्कर समातेर वन कार्यालयमा बुझाएको बताए । प्रभावकारी अनुगमनका लागि वन कार्यालयबाट बजेट र आवश्यक सुरक्षा नपाएको उनको भनाइ छ

अख्तियार दुरुपयोग अनुसन्धान आयोग, हेलो सरकार, वन मन्त्रालय, मधेश प्रदेश सरकार, जिल्ला वन सबैतिर रूख कटान र तस्करीबारे निवेदन दिए पनि कतैबाट सहयोग नपाएको दाबी उनले गरे ।

नेपालको तराईमा साझेदारी वन व्यवस्थापन : नीति र अभ्यास अध्ययनले धनुषामा सामुदायिक वनको सुरक्षामा खटिएका उपभोक्ता र तस्करको झडप हुँदा तीन जना मारिए भने चार जना गम्भीर घाइते समेत भएको देखाएको छ ।

त्यस्तै ०७७ माघ २० मा बाराको पिपरा बजारमा तस्करसँग झडप हुँदा तस्करले वनका चार कर्मचारीलाई घाइते बनाउनुका साथै हतियार लुटेका थिए

त्यस्तै पर्सा, सर्लाही, रौतहट लगायत जिल्लाबाट विभिन्न बहानामा काटिएका काठ भारत पुऱ्याउने गरिन्छ । गादीमाई वन व्यवस्थापन समिति अध्यक्ष सहरुम गदीले काठ सिमानाको बाटो हुँदै पारि लगिने गरेको बताउँछन् ।

पर्सामा मात्र प्रतिमहीना करिब ५० लाख रुपैयाँ मूल्य बराबरको काठ तस्करी भइरहेको डिभिजन वन कार्यालयको केही वर्षअघिको तथ्यांकले देखाएको थियो ।

तस्करीको काठ ओसार्न तस्करको समूहले विभिन्न उपाय लगाउने गरेका छन् ।

२०८१ वैशाख ३० मा वन गस्ती टोलीले रौतहटको चन्द्रनिगाहपुरबाट तीन गोलिया काठ लैजाँदै गरेको भारतीय एचआर६सी ६२४८ नम्बरको स्कार्पियो गाडी नियन्त्रणमा लिएको थियो । गस्ती टोलीसँग आमनेसामने भएपछि चालक गाडी छाडेर फरार भएका थिए ।

# 'वर्तमान सरकार जनताको होइन'



काठमाण्डु । आमजनता पार्टीका अध्यक्ष प्रभु साहले वर्तमान सरकार लुटेराहरूको सरकार रहेको आरोप लगाएका छन् ।

काठमाण्डुमा मंगलबारदेखि सुरु भएको पार्टीको केन्द्रीय समितिको बैठकको उद्घाटन सत्रमा बोल्दै पूर्वमन्त्रीसमेत रहेका अध्यक्ष साहले वर्तमान सरकारले जनताको लागि केही गर्न नसक्ने बताएका छन् ।

प्रमुख पार्टीका शीर्ष नेताको सत्ता स्वार्थले सबैलाई लज्जित बनाएको आरोप लगाएका छन् । अति राजनैतिक गतिविधिले प्रदेश र स्थानीय सरकार सहज रूपमा चल्न नसकेको गुनासो गरेका छन् । राज्यको मातहत रहेका संस्थाहरूलाई दोहन गरेर डुबाउन लागिपरेको उनले आरोप लगाए ।

अध्यक्ष साहले भने, 'देश असफलताको तदारमा छ । बर्बाद हुँदैछ । जनता केही पनि होइनन् भन्ने सन्देश गएको छ । दुई दलका प्रमुख नेता, दुई नेताको सत्ता स्वार्थले मेरो विचारमा लाज पनि लजाएको छ । विश्वासमाथि पनि विश्वास छैन । जनतालाई एउटा वाचा गरेर काम अर्को गर्दा आउने पुस्ताले के सिक्ने तपाईँहरूबाट ? यसको प्रश्न सोध्दा जनतालाई अराजक देख्छ ।'

उनले वर्तमान सरकार र दलहरूले जनतालाई सहज जीवनयापन नदिने भन्दै तेस्रो जनअन्दोलनको आवश्यकता रहेको बताए । आम जनता पार्टीको केन्द्रीय समितिको बैठक मंगलबार र बुधबारसम्म चल्ने कार्यतालिका रहेको छ । सो बैठकले सडक आन्दोलनका केही कार्यक्रम बनाउने पनि अध्यक्ष साहले बताए ।

# वडा अध्यक्ष यादवको 'रहस्यमय' मृत्यु



**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरीको रामगोपालपुर नगरपालिका- २ का वडा अध्यक्ष मुकेश यादवको मृत्युलाई नेकपा माओवादी केन्द्रले रहस्यमय भएको भन्दै अनुसन्धान गर्न माग गरिएको छ ।

३५ वर्षीय यादवको आइतबार विहान महोत्तरीको बर्दिबास नगरपालिका-८ को सडक छेउमा मोटरसाइकलसँगै शव फेला परेको थियो।

वडा अध्यक्ष यादवको शवको टिचिङ अस्पताल काठमाण्डुमा पोस्टमार्टम गरिएको छ । पोस्टमार्टमपछि सोमबार साँझ गाउँमै ल्याएर वडा अध्यक्ष यादवको शवको अन्त्यष्टि गरिएको थियो ।

नेकपा माओवादी केन्द्र महोत्तरीका इन्चार्ज राजु खड्काले वडा अध्यक्ष यादवको मृत्यु सामान्य मोटरसाइकल दुर्घटनाबाट मात्रै नभएको दाबी गरेका छन् । उनले घटनाको प्रकृति हेर्दा दुर्घटना अस्वाभाविक रहेको भन्दै इन्चार्ज खड्काले महोत्तरी प्रहरीसंग घटनाको गहिरो छानबिन गर्न माग गरेका छन् ।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी उपरीक्षक नकुल पोखरेलले घटनाको सूक्ष्म ढंगले अनुन्धान भइरहेको बताए । उनले प्रारम्भिक अनुसन्धान अनुसार घटना हेर्दा मोटरसाइकल दुर्घटनामा नै यादवको मृत्यु भएको जस्तो देखिएको बताए ।

उनले भने, 'घटनाको प्रकृति हेर्दा मोटरसाइकल दुर्घटनामै उहाँको मृत्यु भएको जस्तो देखिन्छ,' पोखरेलले भने, 'तर, दुर्घटना कसरी भयो भनेर हामी अनुसन्धान गर्दै छौं । घटनास्थलमै कुकुर लगेर पनि हामीले अनुसन्धान गरेका छौं। पोस्टमार्टम रिपोर्ट आएपछि धेरै विषय खुल्दै जालान् ।'

बर्दिबास नगरपालिका- ८ मा पर्ने बर्दिबास-जलेश्वर सडक खण्डको कल्भर्ट मुनी आइतबार विहान यादवको शव फेला परेको थियो । घटनास्थल नजिकै वडाअध्यक्ष यादव सवार लु प्र ०१-००१प ६३६२ नम्बरको मोटरसाइकल पनि भेटिएको थियो।

वडा अध्यक्ष यादव गएको स्थानीय तहको निर्वाचनमा माओवादी केन्द्रबाट रामगोपालपुर नगरपालिका २ को वडाध्यक्षमा निर्वाचित भएका थिए ।

रामगोपालपुरका स्थानीयवासीसमेतरहेकापूर्वसभासद लालेन्द्र मण्डलले वडा अध्यक्ष यादवको मृत्युलाई स्वाभाविक मान्न नसकिने दाबी गरे ।

उनले भने, 'म आइतबार बिहान प्रहरीसँगै घटनास्थलमा गएको थिए । जुन ठाउँमा घटना भएको छ, त्यो ठाउँमा बाइक 'एक्सिडेन्ट' भएको जस्तो देखिँदैन,' मण्डलले अघि थप्दैं भने, 'त्यहाँको सबै प्रकृति हेर्दा दुर्घटना सुनियोजित जस्तो लाग्छ। घटना भएको सयम पनि यकिन छैन । सीसीटीभी फुटेज हेर्दा शनिबार दिउँसो बर्दिबासका दुई होटलमा वडाध्यक्ष यादवसँगै देखिएका अन्य चारजनाको गतिविधि पनि शंकास्पद देखिन्छ ।'

घटना हुँदा कसिलो गरी लगाएका गोल्डस्टार जुत्ता खुट्टामा नहुनु, तर मृतकको शरीरमा पनि ठूलो चोटपटक नदेखिनुले घटनामा शंकास्पद रहेको उनको तर्क छ ।

उनले भने, 'चालकको मृत्यु हुनेगरी मोटरसाइकल दुर्घटना हुँदा त्यसका पाटपुर्जा छरपस्त हुनुपर्ने हो, शरीरमा पनि ठूलो चोट देखिनुपर्ने हो, कुनै गह्रौं बस्तुले मोटरसाइकल र मान्छेको छात्तीमा प्रहार गरेको जस्तो देखिन्छ ।'

घटना हुनु अघि वडा अध्यक्ष यादवसंगै अन्य चारजना शनिबार दिउँसो बर्दिवासका दुईवटा होटलमा बसेको प्रहरी अनुसन्धानले देखाएको छ । तर, ती चारजना को थिए खुलेको छैन ।

उनले भने, 'शनिबार दिउँसोदेखि रातिसम्म बर्दिबासका दुईवटा होटलमा उनीहरु खाजा खाएर बसेको देखिन्छ, जहाँ दुईजना युवती पनि छन्,' माओवादी नेता मण्डलले भने, 'सीसीटीभी फुटेज हेर्दा त्यहाँ उनीहरुबीच वादविवाद भएको देखिन्छ। हामीले ती चारजनालाई अनुसन्धानको दायरामा ल्याउन प्रहरीलाई भनेका छौं ।'

दिउँसो बर्दिबासको होटलमा देखिएका यादव कतिबेला घर गए खुलेको छैन । दुर्घटना भएको यकिन समय पनि प्रहरीले सार्वजनिक गरेको छैन । तर घटनाको प्रकृति हेर्दा बर्दिबासबाट शनिबार राति रामगोपालपुरतर्फ जाँदै गर्दा मोटरसाइकल दुर्घटनामा परेको जस्तो देखिने जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी नायब उपरीक्षक सन्तुलाल जयसवारले बताए ।

वडा अध्यक्ष यादवका पत्नी, एक छोरा र एक छोरी छन् । वडा अध्यक्ष यादवको मृत्युको कारण अहिले रामगोपालपुर शोकमा डुबेको छ ।

**सुशासन प्रवर्द्धन गरौं ।**

- कानून पालना गर्ने संस्कार र संस्कृतिको विकास गरौं,
- भ्रष्टाचार, अनियमितता विरुद्ध शुन्य सहनशील बनौं,
- सार्वजनिक सेवालाई पारदर्शी र उत्तरदायी बनाऔं,
- राज्य र समाजप्रतिको जिम्मेवारी तथा कर्तव्यबोध गरौं,
- रचनात्मक आलोचना र सकारात्मक सोचको विकास गरौं,
- विकास निर्माणका कार्यमा सहभागिता जनाऔं,
- अनियमितताको कुनै सूचना भए नियामक निकायलाई जानकारी गराऔं,
- सुशासन कायम गर्न राज्य संयन्त्रलाई खबरदारी गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८